# गुलरिया गाथा

## ४ पाठ्य सामग्री





# सन्दर्भ सामग्री

## गुलरिया गाथा

## कक्षा : चार

गुलरिया नगरपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
गुलरिया, बर्दिया

**प्रकाशकः**

गुलरिया नगरपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
गुलरिया, बर्दिया

**प्रमुख संरक्षकः**

श्री मुक्तिनाथ यादव      नगर प्रमुख

**संरक्षकः**

श्री सावित्रा गौतम      नगर उप प्रमुख

**सल्लाहकारः**

श्री ओमकार शाह      प्रमुख प्रशासकीय अधिकृत
श्री सतिश यादव      शिक्षा  शाखा प्रमुख (शाखा अधिकृत)
श्री रुपसिङ खत्री      लेखा अधिकृत

**© सर्वाधिकारः गुलरिया नगरपालिका**

**कक्षा ४ पाठ्यसामग्री निर्माण समिति**

संयोजकः श्री सूर्यलाल थारु
सदस्यः श्री विर बहादुर थापा
सदस्यः श्री राधिका कँडेल
सदस्यः श्री झग्गु प्रसाद चौधरी
सदस्यः श्री राजु थारु
सदस्यः श्री सुशिल ज्ञवाली

**कम्प्युटर लेआउट :**

श्री प्रभात सुवेदी
श्री लक्ष्मण चौधरी

**भाषा सम्पादनः**

श्री प्रमोद कुमार तिमिल्सेना
श्री भिष्मराज ढकाल

**आवरण डिजाइनः**

श्री प्रभात सुवेदी

वि सं २०८०, असार
मुद्रणः

# भूमिका

मानव चेतना र सभ्यताको विकास बिना समाज परिवर्तनको कल्पना गर्न सकिदैन । समाजको परिवर्तनबाट मात्र राष्ट्रको विकास सम्भव हुने भएकोले सबै पक्षको समुचित विकासको आधारशीला नै शिक्षा हो । शिक्षा मार्फत प्रदान गरिने ज्ञान, सिप र अभिवृत्तिको हस्तान्तरण गर्ने विधिहरुमध्ये औपचारिक शिक्षा एउटा प्रमुख माध्यम हो । औपचारिक शिक्षाको प्रारम्भिक चरण भनेको आधारभूत शिक्षा हो । आधारभूत शिक्षालाई गुणस्तरीय र जीवनोपयोगी सिपमा आधारित बनाउँदै प्रभावकारी कार्यान्वयन गर्न सकिएमा शिक्षाको राष्ट्रिय उद्देश्य प्राप्त गर्न सकिन्छ।

नेपालको संविधान अनुसूची ८ मा माध्यमिक तहसम्मको शिक्षालाई सञ्चालन व्यवस्थापन र नियन्त्रण गर्ने अधिकार स्थानीय सरकारलाई प्रदान गरेको सन्दर्भ र प्राथमिक शिक्षा पाठ्यक्रम २०४९, यसैगरी आधारभूत शिक्षा (कक्षा ६–८) पाठ्यक्रम, २०६९ ले कक्षा १–३ मा साप्ताहिक ५ कार्यघण्टा र कक्षा (४–८) मा साप्ताहिक ४ कार्यघण्टाको १०० पूर्णाङ्क स्थानीय विषय/भाषा समावेश गरेकाले गुलरिया नगरपालिकाले पालिकाभित्र रहेका स्थानीय कला, संस्कृति, ऐतिहासिक परम्परा, धार्मिक, पुराताङ्खिवक तथा पर्यटकीय स्थानहरुको संरक्षण र सम्बद्र्धन गर्ने उद्देश्यका साथ 'गुलरिया गाथा' स्थानीय पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०७९ देखि पालिकाभित्र रहेका संस्थागत तथा सामुदायिक विद्यालयहरुमा लागु गर्नेगरी तयार गरिएकोमा पाठ्यक्रममा निदृष्ट विषयवस्तुहरुको सिकाइका लागि कक्षा १ देखि ८ सम्मको पाठ्य सामग्री तयार गरिएको छ।

प्रस्तुत सन्दर्भ सामग्रीबाट नगर क्षेत्रमा रहेका महङ्खवपूर्ण विषयवस्तुहरुको परिचय गराई बालबालिकाहरुलाई आफ्नो ठाउँका कला र संस्कृतिसँग परिचित गराउन र आफ्नोपनको सकारात्मक सोचको विकास गराउँदै श्रमप्रति सम्मान गर्ने, स्वाभिमानी तथा स्वावलम्बी धारणाको विकास गर्ने, राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय तहका विषयवस्तुहरूसँग परिचित गराउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । यो पाठ्यसामग्री गुलरिया नगरपालिकाको शिक्षाको उद्देश्य हासिल गर्ने, स्थानीय विषयवस्तु ज्ञान, सिप, संस्कृति, प्राकृतिक सम्पदाको सम्भावना आदिलाई समेटेर तयार गरिएकोले बालबालिकाहरुको सिकाइमा सघाउ पुग्ने छ।

गुलरिया नगरपालिकाले तयार गरेको पाठ्यक्रम अनुरुपका विषयवस्तुका साथै यस क्षेत्रको कला, संस्कृति, धर्म, कृषि, पर्यटन, सम्पदा, स्थानीय पेशा व्यवसाय र प्रविधिलाई पाठ्य सामग्रीमा समेटिएको छ । गुलरिया नगरपालिकामा लामो समयसम्म कार्यरत अनुभवी शिक्षकहरुको विज्ञ समूहबाट छलफल, अन्तक्रिरिया तथा कार्यशाला बैठकको आयोजना गरी तथा स्थलगत भ्रमण समेत गरी आफ्नो मिहिनेत र लगनबाट यो पाठ्य सामग्री तयार गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याउनुहुने सबैप्रति गुलरिया नगरपालिका हार्दिक कृतज्ञता व्यक्त गर्दछ । गुलरिया नगरपालिकाको पाठ्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाई बालबालिकालाई गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्ने कार्यमा सम्बद्ध सबैबाट सक्रिय योगदानको समेत अपेक्षा गरिएको छ। कक्षा १ देखि ८ सम्म प्रकाशन गरिएको सन्दर्भ सामग्रीलाई अझै प्रभावकारी बनाउनका लागि यस नगरपालिकाले सामग्री प्रयोगकर्ता लगायत सम्बन्धित सबै पक्षबाट निरन्तर रचनात्मक सुझाव प्राप्त हुने अपेक्षा गरेको छ। प्राप्त सुझावहरुका आधारमा आगामी संस्करणहरुमा परिमार्जन गर्दै लगिने छ।

मुक्तिनाथ यादव
नगर प्रमुख

विषय - सूची

# एकाइ : एक
# हाम्रो गुलरिया

**सिकाइ उपलब्धिः**

१. गुलरियाको भौगोलिक अवस्था ( सिमाना र क्षेत्रफल ) बताउन,
२. नगरपालिकाभित्रका वडाहरुको संख्या, वडा कार्यालयहरुको ठेगाना बताउन,
३. नगरपालिकाभित्रको जनसंख्या ( महिला र पुरुष) को तथ्याङ्क बताउन,
४. नगरपालिकाभित्रका मूख्य सडकहरु पहिचान गर्न र
५. नगरपालिकामा आयआर्जनका लागि गरिने क्रियाकलापहरुको सूची तयार पार्न ।










# पाठ १ हाम्रो गुलरिया

## १.१ गुलरियाको भौगोलिक अवस्था

गुलरिया नगरपालिका बबई नदीको किनार क्षेत्रमा अवस्थित छ । यहाँको माटो मलिलो छ । यहाँका धेरैजसो मानिसहरु खेतीपाती गर्छन् । यस नगरको मुख्य नदी बबई हो । यो नदी बर्दिया राष्ट्रिय निकुञ्ज हुँदै यस नगरको पूर्वी सिमाना भएर बग्दछ । त्यसैगरी यस नगरको पश्चिम भागमा सर्जु (सर्जुनाला) नदी बग्दछ ।

## गुलरिया नगरपालिकाको क्षेत्रफल र सीमाना




१.२

**क्षेत्रफल**

मेरो नाम दिव्या हो । म बर्दिया जिल्लामा बस्छु र मेरो नगरपालिकाको नाम गुलरिया हो । तराई क्षेत्रमा अवस्थित यो नेपालको एक पुरानो बजार हो। वि.स. २०७८ को जनगणना अनुसार गुलरिया नगरपालिकाको जनसंख्या ७४,५०५ रहेको छ। यसको क्षेत्रफल ११८.२१ वर्ग किलोमिटर रहेको छ। यस नगरपालिकाको धैरैजसो भूमि कृषियोग्य रहेको छ र केही घाँसे मैदान र चौर पनि रहेका छन्।

**क्रियाकलाप:**

१. तपाईँ बसेको नगरपालिकाको नाम के हो ? कक्षाकोठामा साथीलाई सुनाउनुहोस्।

२. तपाईँ बस्ने नगरपालिकाको महिला र पुरुषको जनसङ्ख्या खोजी गरी तालिकामा प्रस्तुत गर्नुहोस्।

**अभ्यास:**

**१. छोटो उत्तर लेख्नुहोस्।**

क. गुलरिया नगरपालिकाको धैरैजसो भूमी कस्तो रहेको छ ?

**२. ठिक भए (√) र बेठिक भए (x) चिन्ह लगाऊनुहोस्।**

क) गुलरिया नगरपालिका पहाडी क्षेत्रमा पर्छ।

ख) दिव्या बर्दिया जिल्लामा बस्छिन्।

ग) गुलरिया गनरपालिकाको जम्मा जनसंख्या ७४,५०५ रहेको छ।

घ) गुलरिया नगरपालिकाको क्षेत्रफल १०१८.२१ वर्ग किलोमिटर रहेको छ।

**३. खाली ठाउँ भर्नुहोस्।**

क) गुलरिया नगरपालिकाको पूर्वी सिमाना भएर बग्ने नदी ..........हो। (बबई, सर्जु)

ख) यस नगरको प्राय: धैरैजसो मानिसहरु ............. गर्छन्। (खेतीपाती, नोकरी)

ग) गुलरिया नगरपालिकाको पश्चिम भागमा भएर बग्ने नदी.......हो। (बबई, सर्जु)

## १.३ गुलरिया नगरपालिकाको सीमाना:-

लुम्बिनी प्रदेश अन्तर्गत पर्ने बर्दिया जिल्ला एउटा सुन्दर र रमणीय जिल्ला हो। यस जिल्लामा जम्मा ८ वटा स्थानीय तह ( नगरपालिका/ गाउँपालिका ) रहेका छन्। जसमा ६ वटा नगरपालिका र २ वटा गाउँपालिका छन्।

**क्रियाकलाप:**

१. आफ्नो जिल्ला र नगरपालिकाको नक्सा छुट्टाछुट्टै आफ्नो कापीमा उतार्नुहोस्। साथीहरुसँग तुलना गरी आवश्यक सुधार गर्नुहोस्।

२. तपाईँको नगरपालिकासँग सीमाना जोडिएको नगरपालिका/ गाउँपालिका कुन-कुन हुन ? सोको जानकारी सङ्गकलन गरी तालिकामा देखाउनुहोस्।

| क्र.स. | नगरपालिका/ गाउँपालिका | दिशा/ सीमाना |
|---|---|---|
| १ | | पूर्वमा |
| २ | | उत्तरमा |
| ३ | | पश्चिममा |
| ४ | | दक्षिणमा |

**अभ्यास:**

**१. छोटो उत्तर लेख्नुहोस्।**

क) तपाईँ बस्ने नगरपालिकाको नाम के हो ?

ख) बर्दिया जिल्लामा जम्मा कति वटा न.पा. र गा.पा. छन् ? लेख्नुहोस्।

ग) गुलरिया नगरपालिकाको चारैतिरको सीमाना लेख्नुहोस्।


**२. जोडा मिलाउनुहोस्।**

| | |
|---|---|
| क) नगरपालिका संख्या | मधुवन नगरपालिका |
| ख) गाउँपालिका संख्या | बढैयाताल गाउँपालिका |
| ग) गुलरिया नगरपालिकाको पश्चिममा | भारत |
| घ) गुलरिया नगरपालिकाको पूर्वमा | ६ वटा |
| ङ) गुलिरया नगरपालिकाको दक्षिणमा | २ वटा |

## पाठ २ हाम्रा वडाहरु

### २.१ मेरो गाउँटोलको अवस्थिति

मेरो नाम कमला थारु हो । म नेपालको लुम्बिनी प्रदेशको, बर्दिया जिल्ला, गुलरिया नगरपालिका वडा नं १२ भैंसाही गाउँमा बस्छु । मेरो गाउँको जमिन समथर र उर्वर रहेको छ । मेरो गाउँको नजिकै एउटा विद्यालय छ । म त्यहीँ विद्यालयमा पढ्छु ।




**क्रियाकलापः**

१. विभिन्न समूहमा विभाजित भई आफ्नो गाउँ वा टोल भएको वडाको नक्सा बनाउनुहोस् ।

२. नक्साहरु एकआपसमा तुलना गर्नुहोस् र राम्रो नक्सालाई कक्षाकोठामा टाँस्नुहोस् ।

**अभ्यास:**

**क) छोटो उत्तर लेख्नुहोस् ।**

१. तपाईँको गाउँ वा टोलको नाम के हो ?

२. तपाईँको गाउँ वा टोलको अवस्थिति उल्लेख गर्नुहोस् ।

३. तपाईँको गाउँ वा टोल कति वडा नं मा पर्छ ?

**ख) खाली ठाउँ भर्नुहोस् ।**

१. कमलाको घर ........... जिल्लमा पर्छ । (बर्दिया, बाँके)

२. कमलाको घर नजिकै .......... छ । (बगैचा, विद्यालय)

३. गुलरिया नगरपालिकाको वडा नं. ४ को वडा कार्यालय .......... मा छ । (कारागार, भन्सार रोड)

४. गुलरिया नगरपालिका भित्र जम्मा .......वडाहरु रहेका छन् । (१०, १२)

**ग) जोडा मिलाउनुहोस् ।**

| | |
|---|---|
| १. वडा नं. १२ | कारागार टोल |
| २. वडा नं. १० | भन्सार रोड |
| ३. वडा नं. ४ | कालीनगर |
| ४. वडा नं. ८ | प्रसिया |

## २.२ वडा कार्यालयबाट प्रदान गरिने सेवाहरु

स्थानीय स्तरमा सेवा दिने एउटा निकाय वडा कार्यालय हो । प्रत्येक वडाभित्र एउटा वडा कार्यालय रहेको हुन्छ । यसै वडा कार्यालयबाट हामीले बिभिन्न किसिमका सेवाहरु पाउँछौ । जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, नागरिकताका लागि सिफारिस, बसाइँसराइको प्रमाणपत्र, नाता प्रमाणित, अपाङ्गताको प्रमाणपत्र दिने जस्ता सेवाहरु वडा कार्यालयबाट प्राप्त हुन्छन् । घर वहाल कर, घरजग्गा कर, मनोरञ्जन कर, जस्ता विभिन्न किसिमका करहरु संकलन गर्ने काम पनि वडा कार्यालयले गर्दछ । वडा कार्यालयबाट वडाभित्रका विकास निर्माणका कामहरु पनि हुन्छन् ।

**क्रियाकलाप**

१. तपाईको वडा कार्यालय कुन ठाउँमा रहेको छ र त्यस वडा कार्यालयबाट के कस्ता सेवा सुविधा प्रदान हुन्छ ? सूची बनाउनुहोस् ।

**अभ्यासः**

१. तपाईको वडा कार्यालय कहाँ पर्छ ?

२. तपाईको वडा कार्यालयबाट प्रदान गर्ने सेवाहरु के-के हुन् ? लेख्नुहोस् ।

३. तपाईको नगरपालिकाभित्र जम्मा कति वडाहरुको संख्या रहेको छ ?


४. तपाईको नगरपालिकाभित्र प्रत्येक वडाको वडा कार्यालयहरु रहेको स्थानहरु नक्सामा हेरी लेख्नुहोस् ।

## पाठ ३ नगरपालिका भित्रको जनसंख्या

कुनै निश्चित स्थान र समयमा स्थायी रुपले बसोबास गरिरहेका सम्पूर्ण मानिसहरुको सङ्ख्यालाई त्यस स्थानको जनसङ्ख्या भनिन्छ। नेपाल राज्यभरि स्थायी रुपले बसोबास गर्ने सम्पूर्ण मानिसहरुको सङ्ख्या नै नेपालको जनसङ्ख्या हो। हाम्रो गुलरिया नगरपालिकाको जनसङ्ख्यालाई तलको तालिका र स्तम्भ चित्रमा देखाइएको छ।

| क्र.स. | महिला | पुरुष | जम्मा | |
|---|---|---|---|---|
| गुलरिया | ५६५३२ | ६८१६४ | ७४५०६ | |
| | | | | |

Source: Central Bureau of statistics Nepal, 2021




**क्रियाकलाप:**

तपाईँको गाउँ/टोलमा रहेका महिला र पुरुषका जनसङ्ख्या पत्ता लगाई तालिकामा भर्नुहोस्।

| क्र.स. | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| | | | |

**परियोजना कार्य:**

१. तपाईँको वडाभित्र रहेको पुरुष र महिलाहरुको जातिगत जनसङ्ख्या वडा कार्यालयमा पुगी सोधेर पत्ता लगाउनुहोस्।

# पाठ ४  नगरपालिका भित्रका मूख्य सडकहरु

## पढौं र बुझौं

विकासको पूर्वाधारहरुमध्ये एक सडक पनि हो । हामी घरबाट कहीँ जानुपर्‍यो भने सडककै प्रयोग गर्छौं । सडकलाई बाटो पनि भनिन्छ । बजार जान, विद्यालय जान, खेतीपाती गर्न, व्यापार गर्न तथा यातायातका साधन आवतजावत गर्न सडकको आवश्यकता पर्दछ । हाम्रो गुलरिया नगरपालिकाभित्र पनि धेरै सडकहरु रहेका छन् । गुलरिया नगरपालिकाको पूर्वतिर हुलाकी सडक सिधै नेपालगञ्जसँग जोडिएको छ ।

हाम्रो नगरपालिकाभित्र केही मूख्य सडकहरु
रहेका छन् ।

१. राधाकृष्ण चोक हुदैँ जब्दीघाट जोड्ने सडक खण्ड



२. गणेशमान चोक हुदै मुर्तिहा नाका भन्सार रोड जोड्ने सडकखण्ड



३. पशु हाट बजार हुदै रत्नपुर जोड्ने सडकखण्ड



४. खैरापुर चोक देखि कट्टी हुदै गुलरिया हाट बजार जोड्ने सडकखण्ड



५. भैंसाही चोकदेखि गणेशपुर जोड्ने सडकखण्ड



माथि देखाइएका सडकले हाम्रो गुलरिया नगरपालिकालाई हुलाकी सडक, महेन्द्र राजमार्ग र भारतको सीमानासंग जोड्ने काम गर्दछन् ।

देशको विभिन्न ठाउँबाट सामानहरु ओसारपसार गर्नका लागि यिनै सडकहरुको प्रयोग गरिन्छ ।

**क्रियाकलापः**

१. आफ्नो नजिकमा रहेको सडकको पहिचान गरी साथीहरुसंग छलफल गरी कोर्नुहोस् ।

२. गुलरिया नगरपालिकाभित्र रहेको मूख्यमूख्य सडकहरुको पहिचान गर्नुहोस् ।

३. तपाईको घरदेखि विद्यालयसम्मको सडकको अवस्था झल्किने स्वतन्त्र नक्सा तयार गर्नुहोस् ।

**अभ्यासः**

**१. खाली ठाउँ भर्नुहोस् ।**

क) हामी घरबाट बाहिर जाँदा ............ मा हिडेर जान्छौँ । ( मन्दिर, विद्यालय, सडक)

ख) गुलरिया - नेपालगंज जोडिएको राजमार्गलाई ............ राजमार्ग भनिन्छ । (हुलाकी, महेन्द्र, पृथ्वी)

ग) सडकलाई बाटो वा ............. पनि भनिन्छ । (कुलो, मार्ग, खेत)

**२. छोटो उत्तर दिनुहोस् ।**

क) तपाईँ सडक कुन-कुन कामका लागि प्रयोग गर्नुहुन्छ ?

ख) आफुले सधै प्रयोग गर्ने सडक कहाँदेखि कहाँसम्म जोडिएको छ ? आफ्नो अभिभावकलाई सोधेर लेख्नुहोस् ।

ग) हाम्रो नगरपालिकाका मुख्य सडक मध्ये तपाईँको घर नजिकै कुन सडक पर्छ ? आफ्नो अभिभावकलाई सोधेर लेख्नुहोस् ।

# पाठ ५ आयआर्जनका लागि गरिने क्रियाकलापहरु

















***माथि दिइएको चित्रका सम्बन्धमा छलफल गरौँ।***

क) चित्रमा के-के कार्य गरेको देखाइएको छ ?

ख) यस्ता कामबाट के फाइदा हुन्छ ?

ग) तपाईँको समुदायमा यस्तै आयआर्जन हुने कुन-कुन कार्य सञ्चालन भएका छन् ?

## *तरकारी खेतीले प्रख्यात बालापुर गाउँ*



**बर्दिया टाइम्स ( बर्दिया )**

गुलरिया नगरपालिका बालापुरका धनीराम थारु एउटा किसान हुन् । उसले आफ्नो बारीमा तरकारी खेती गरेका छन् । यहाँका अधिकांश मानिसहरुको तरकारी खेतीमा आकर्षण बढेको छ । तरकारी बेच्ने समयमा यो गाउँ तरकारीले भरिएको हुन्छ । यहाँका तरकारीहरु स्वस्थकर, ताजा र सफा हुन्छन् । गुलरिया बजारका ठुलाठुला व्यापारीहरु तरकारी किन्न आउँछन् । बालापुरलाई जिल्लाभरि तरकारी खेतीको गाउँ भनेर चिनिन्छ । यहाँका बासिन्दाले यस खेतीबाट धरै आम्दानी गर्छन् । पढेलेखेका युवा पनि यस खेतीमा संलग्न भएकाले रोजगारीका लागि गाउँ छोड्न परेको छैन । तरकारी खेतीको आम्दानीले छोराछोरीको शिक्षा र स्वस्थ्य लगायत घरखर्च चलाउन कुनै समस्या नपरेको गाउँलेहरु बताउछन् । पहिले माटोको भित्ता र टायलको छाना भएका गोठहरु अहिले दुई तल्ले पक्की घर चिटिक्क सजिएका छन् ।

मानिसका आवश्यकता धेरै हुन्छन् । आवश्यकता पूरा गर्न मानिसले काम गर्नुपर्छ । काम गरेपछि आयआर्जन गर्न सकिन्छ । समुदायमा कोही कृषि, कोही व्यापार व्यवसाय त कोही उद्योग कार्यमा संलग्न हुन्छन् । समुदायका मानिसहरु तरकारी खेती, बाख्रा पालन, मौरीपालन, कुखुरापालन, फूलखेती, फलफूल खेती गरेर नगद आम्दानी गर्छन् । यसका अतिरिक्त समुदायका मानिस थोक तथा खुद्रा पसल, दुग्ध व्यवसाय, कुटानी पिसानी मिल, सवारी साधन सञ्चालन लगायतका आर्थिक क्रियाकलापमा संलग्न हुन्छन् । कर्मचारी, शिक्षक, नर्स, डाक्टर आदि सेवा क्षेत्रमा क्रियाशिल जनशक्ति हुन् । यी सबै पेशा र कामबाट आयआर्जन हुन्छ । आर्थिक क्रियाकलापले समुदायको आर्थिक विकासमा मद्दत पुऱ्याउँछन् ।

**क्रियाकलाप:**

१. कम्तीमा तीन छिमेकीको घरमा गई आयआर्जनका कामसँग सम्बन्धित जानकारी सङ्कलन गरी तलको तालिका पुरा गर्नुहोस् ।

| क्र.स. | छिमेकीको नाम | आयआर्जनको स्रोत | हुने फाइदा |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

२. तपाईँको परिवारका सदस्य कुन-कुन आयआर्जनका कार्यमा संलग्न हुनुहुन्छ ? यसबाट परिवारमा के फाइदा भएको छ ? टिपोट गरेर कक्षामा सुनाउनुहोस् ।

३. तपाईको समुदायका मानिस कुन कुन सेवाक्षेत्रका कार्यमा संलग्न हुनुहुन्छ, सोधखोज गरी लेख्नुहोस् ।

४. "आर्थिक क्रियाकलापले जीवन सहज बनाउन मद्दत गर्छ ।" भन्ने शीर्षकमा आधारित रही कक्षामा वक्तृत्वकला आयोजना गर्नुहोस् ।

**अभ्यासः**

१. आयआर्जन भनेको के हो ? यसको महत्त्व लेख्नुहोस् ।

२. आर्थिक क्रियाकलापबाट कसरी आम्दानी प्राप्त हुन्छ, उदाहरणसहित प्रस्तुत गर्नुहोस् ।

३. तपाई भविष्यमा कुन आयआर्जन हुने क्रियाकलापमा संलग्न हुने सोच्नुभएको छ ? किन, उल्लेख गर्नुहोस् ।

**परियोजना कार्यः**

समुदायका केही व्यक्तिका आर्थिक क्रियाकलापहरुको सम्बन्धमा सोधपुछ गर्नुहोस् र उक्त कार्यबाट समुदायलाई पुगेका फाइदाको सूची बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

## एकाई : दुई
## हाम्रो संस्कार, संस्कृति र परम्परा

**सिकाइ उपलब्धि :**

१. आ-आफ्ना नातेदारहरुको नाम ठेगाना र रीतिरिवाज भन्न,

२. सामाजिक शिष्टाचार तथा नियमहरु पालना गर्न,

३. आफूले मनाउने चाडपर्व (दशैं, तिहार, माघी, ईद, छठ, ल्होसार, रमजान, मोहर्रम, तीज, क्रिसमस् डे, करुवाचौथ, जितिया , विवाह पञ्चमी, भौरी, गुडिंया, रक्षाबन्धन, सकट, सेतुवा) आदिको परिचय दिन,

४. नगरपालिकाभित्रको सामाजिक, साँस्कृतिक तथा धार्मिक अवस्थाको परिचय दिन र

५. आफ्नो समुदायमा जन्म मृत्यु संस्कारको परिचय दिन ।















## पाठ १ आ-आफ्नो नातेदारको नाम ठेगाना तथा रीतिरिवाज

### चित्र हेरौँ र छलफल गरौँ





क. माथिका चित्रमा के-के गरेको देखिरहनु भएको छ ?

ख. के तपाईँ पनि आफ्ना नातेदारहरुसँग यस्तै क्रियाकलाप गर्नु भएको छ ?

ग. तपाई कुन-कुन पर्वमा सहभागी हुनु भएको छ ?

### पढौं र बुझौ

मेरो नाम आरसिया थारु हो । म ९ वर्षकी भएँ । म कक्षा ४ मा पढ्छु । म गुलरिया नगरपालिका वडा नं. ५ बालापुर गाउँमा बस्छु । मेरो बुबाको नाम अर्जुन थारु र आमाको नाम सोमती थारु हो । मेरो हजुरबुबाको नाम कालीराम थारु र हजुरआमाको नाम राजकुमारी थारु हो । मेरो काकाको नाम हेमलाल थारु र काकीको नाम सीता थारु हो । मेरो मामाको घर बारबर्दिया नगरपालिका वडा नं. १० दफैया गाउँमा हो मेरो मामाको नाम राम बहादुर चौधरी र माइजुको नाम श्याम कुमारी चौधरी हो । मेरी फुपू पनि बारबर्दिया नगरपालिकामा बस्नुहुन्छ । फुपूको नाम माया चौधरी र फुपाजुको नाम रामचन्द्र चौधरी हो ।



म आफ्नो घरमा मनाउने सबै चाडपर्वहरुमा नातेदारहरुलाई बोलाउने गर्छु । उनीहरुको घरमा हुने विभिन्न पर्वहरुमा म पनि मेरा अभिभावकसँग जान्छु । साइनो अनुसार ढोग्छु र अभिवादन गर्छु । सञ्चो विसञ्चो के छ ? भनी सोध्छु । माघको विदामा म मामा घर गएकी थिएँ । मेरो मामाको गाउँमा नाच प्रतियोगिता गरिएको

थियो । म पनि आफ्नो मामाको छोरीसँग नाच हेर्न गएँ । शुरुमा मगर जातिको पालो आयो । मगर नाचमा पुरुषले ढाकाटोपी, आस्कोट, घलेक र पटुका लगाएका थिए । महिलाले चोली, लुङ्गी, पटुकी लगाएर नाचेका थिए । थारु जातिको नाचमा पुरुषले टोपी, धोती, खुट्टामा पौवा र महिलाले चोलिया, लेहेङ्गा लगाएर नाचे । ब्राह्मण र क्षेत्री जातिका महिलाले गुन्यू, चोली, पटुका, घाँटीमा पोते, कानमा मारवाडी लगाएका थिए । पुरुषले दौरा सुरुवाल, कोट र टोपी लगाएर नाचेका थिए । मधेशी नाचमा पुरुषले कुर्ता, पाइजामा, पगरी र महिलाले साडी ब्लाउज लगाएर नाचेका थिए । सबै नाच हेरेर हामी पनि रमाउँदै साँझ घर फर्कियौँ ।



### क्रियाकलाप

१. आ-आफ्नो नातेदारको नाम ठेगाना बताउनुहोस् ।
२. समूहमा बसी रीतिरिवाजको बारेमा छलफल गर्नुहोस् ।

### अभ्यास

#### क. खाली ठाउँमा भर्नुहोस् ।

१. आरसिया ................ गाउँमा बस्छिन् ।
२. उनको मामाको घर .................... नगरपालिकामा पर्छ ।
३. चोलिया ..............जातिका महिलाले लगाउछन् ।
४. मेरो मामाको नाम .................. हो ।
५. म मेरो काकालाई भेट्दा ....................... गर्छु ।

#### ख. तलका प्रश्नको उत्तर दिनुहोस् ।

१. तपाईँबस्ने गाउँटोलको नाम लेख्नुहोस् ।
२. आफ्ना नातेदारको नाम र ठेगाना लेख्नुहोस् ।
३. तपाईँले आफ्ना नातेदारहरुलाई कस्ता नाता लगाएर बोलाउनुहुन्छ ?
४. तपाइको समुदायमा मानिसहरुले चाडपर्वमा नाचगान गर्दा कस्ता-कस्ता लुगाहरु लगाउँछन् ? आफ्ना अभिभावकसँग सोधेर लेख्नुहोस् ।

# पाठ २ सामाजिक शिष्टाचार तथा नियम

## हेरौं चिनौं र छलफल गरौं









**प्रश्नहरु :**

क) चित्रमा मानिसहरु के-के गरिरहेका छन् ।

ख) तपाईँले साथीहरु झगडा गरेको कहिल्यै देख्नुभएको छ ?

ग) साथीहरु बिच हामी के गरेर बस्नु पर्छ ?

घ) माथिको चित्र मध्ये तपाईँलाई कुन-कुन चित्रको बानी राम्रो लाग्यो ?

## पढौँ र बुझौँ

मानिस सामाजिक प्राणी हो । अरु प्राणीमा भन्दा मानिसमा चेतना बढी हुन्छ । समाजमा सबै मानिसहरु एक आपसमा मिलेर बस्छन् । एकले अर्कोलाई उमेर, नाता, योग्यता र क्षमताका आधारमा माया र सम्मान गर्दछन् यसलाई शिष्टाचार भनिन्छ । आफू भन्दा सानालाई माया तथा ठूलालाई सम्मान एवं आदर गरिन्छ । अरुसँग बोल्दा नम्र, शिष्ट, सभ्य भएर बोल्नुपर्छ ।

समाजमा आपसी सहयोगका लागि केही नियमहरु पनि बनाइएका हुन्छन् । सबैलाई समान तरिकाले व्यवहार गर्न गराउन तथा न्यायपूर्ण एवं विकासात्मक किसिमको नियम बनाइएको हुन्छ । नियम पालना गर्न गराउन हरेक समुदायमा त्यहाँको समाजले एक जना व्यक्तिलाई जिम्मा दिन्छ । त्यस्ता व्यक्तिलाई बडघर/मुखिया भन्ने गरिन्छ । यिनीहरुले सामाजिक सद्भाव कायम गर्न, सामाजिक विकासका कार्य गर्न, नियम पालना गर्न गराउन अगुवाको रुपमा काम गर्दछन् ।

## क्रियाकलाप

१. शिष्टाचार शब्दहरु प्रयोग गर्दै दुई-दुई जनाका बिच संवाद गर्नुहोस् ।
२. आफूभन्दा ठुला र सानालाई कसरी शिष्टाचार गर्नु हुन्छ ? अभिनय गरेर देखाउनुहोस् ।
३. हाम्रो कक्षाकोठाका नियमहरु बताउनुहोस् ।
४. हाम्रो समाजमा बनाइने नियमहरु बताउनुहोस् ।

## अभ्यास

### क. तलका भनाइहरु ठिक भए (√) चिह्न र बेठिक भए (×) चिह्न लगाउनुहोस् ।

१. आफूभन्दा सानालाई घृणा गरिन्छ । ( )
२. समाजमा काम गर्न गराउन नियमहरु बनाइदैन । ( )
३. आफूभन्दा ठूलालाई आदर गरिन्छ । ( )
४. समाजको नियमहरु पालना गर्न गराउन बड्घर/मुखियाले अगुवाको रुपमा काम गर्दछन् । ( )

### ख. तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।

१. सामाजिक शिष्टाचारमा प्रयोग गरिने ४ वटा शब्द लेख्नुहोस् ।
२. आफ्ना समाजमा बनाइने कुनै ४ वटा नियमहरु लेख्नुहोस् ।
३. आफ्नो कक्षाकोठामा बनाइने कुनै ५ वटा नियमहरु लेख्नुहोस् ।

## पाठ- ३ हाम्रा चाडपर्वहरु

गुलरिया नगरपालिका संस्कृतिमा निकै धनी छ । यस नगर भित्र धेरै किसिमका जातजाति तथा धर्म मान्ने मानिसहरुको बसोबास रहेको छ । यस नगर भित्रका समुदायले वर्षभरिमा मनाउने मुख्य चाडपर्वहरुको बारेमा संक्षिप्तमा निम्नानुसार चर्चा गरिएको छ ।

### क. दशैं



दशैं नेपालमा बस्ने हिन्दू धर्म मान्नेहरुका लागि प्रमुख चाड मानिन्छ । राष्ट्रिय चाड समेत मानिने दशैं आश्विन महिनाको शुक्ल प्रतिपदाको दिनदेखि नवमी सम्म शक्तिको आराधना गरी दशौं दिन बिहान दशमीका दिन आफूभन्दा ठूला मान्यजनहरुको हातबाट टीका-प्रसाद गरेर विशेष रुपमा पुर्णिमा सम्म मनाउने गरिन्छ । घटस्थापनामा जमरा राखी नवमीसम्म प्रत्येक दिन फरक देवीहरुको पूजा गरिन्छ । विजया दशमीको दिन देवी भगवतीले दानवी शक्तिमाथि र भगवान श्री रामले रावण माथि विजय हासिल गरेको उपलक्ष्य र खुसीयालीमा नवदुर्गा भवानीको प्रसाद स्वरुप रातो टीका र जमरा लगाउने चलन छ ।

### ख. तिहार





तिहार हिन्दूहरुको चाड मध्ये एक महत्वपूर्ण चाड हो । यो चाड प्रत्येक वर्ष कात्तिक कृष्ण त्रयोदशीदेखि कात्तिक शुक्ल द्वितीयाका दिनसम्म मनाइन्छ । यो पाँच दिनसम्म मनाइन्छ । यो चाडलाई “यमपञ्चक” र “दिपावली” का रुपमा पनि चिनिन्छ । यो चाडमा देउसी, भैलो खेली धुमधामसँग मनाइन्छ । पहिलो दिन काग तिहार कागलाई मिठा-मिठा खाने कुरा दिइ कागको पूजा गरिन्छ । दोस्रो दिन मिठा-मिठा खाने कुरा दिइ माला लगाई कुकुरको पूजा गरिन्छ । तेस्रो दिनलाई गाई तिहार भनिन्छ । यस दिनलाई लक्ष्मीपूजाका नामले पनि चिनिन्छ । यस दिन गाई र धनको पूजा गरिन्छ । बिहानपख गाईको पूजा गरिन्छ भने

रातीमा घर-घरमा दीपावली गरी धनकी देवी लक्ष्मीको पूजा गरिन्छ । चौथो दिनलाई गोरु पूजा वा गोवर्धन पूजा गरिन्छ । यस दिन गाई गोरुको गोबरबाट पहाड जस्तो बनाई त्यसलाई गोवर्धन पर्वत मानेर पूजा गर्ने गरिन्छ । पाँचौ दिन वा अन्तिम दिन भाइ तिहार वा भाइ टिका पर्दछ । यस दिदी बहिनीहरुले आ-आफ्ना दाजुभाइलाई टिका एवं सप्तरङ्गी माला लगाइ सेल, मिठाइ आदि खानेकुरा खान दिने अनि दाजुभाइले आफ्ना क्षमता अनुसार दिदी बहिनीलाई दक्षिणा वा उपहार दिने चलन छ ।

### ग. माघी



माघी पर्व माघ महिनाको पहिलो दिन १ गते मनाउने गरिन्छ । यो पर्व खास गरी थारु समुदायका जातजातिले मनाउने एक मुख्य र महत्त्वपूर्ण चाड हो । पुष मसान्तको दिन वर्षको अन्तिम दिनको रुपमा जिता मार्ने (मासुको व्यवस्था) गरिन्छ । गाउँभरीका लागि पुग्ने गरी मासुको व्यवस्था गरिन्छ । उक्त राती धुनी जगाउदै ढुमरु गाउने गर्दछन् । यो पर्व मनाउनका लागि माघ १ गते बिहान नजिकको नदी, खोला वा जलाशयमा गएर माघ स्नान गर्ने गरिन्छ । नुहाइसकेपछि नुहाउन गएकाहरु चामलको सेतो टिका लगाई ढोगभेट गरेर घर फर्कन्छन् । घरमा आएर मासको दाल, चामल, नुन, नगद सुपोमा राखेर निसराउ कहार्ने (बिहानै नुहाइ सुपोमा भाग छुट्टयाई राखेको चामल छुने कर्म) गरिन्छ । त्यसपछि घरको पुर्खालाई ढोगभेट गरी आशीर्वाद लिने गरिन्छ । आफुले मान्नुपर्ने गाउँका अन्य व्यक्तिहरुलाई पनि ढोगभेट गरी आशीर्वाद लिने र दिने गरेर यो पर्व मनान्छ । पहाडी समुदायमा पनि माघी पर्व माघे सङ्क्रान्तिका रुपमा घिउ, चाकु, तीलको लड्डु, सखरखण्ड, तरुल आदि शरीरलाई न्यानो पार्ने खाद्य पदार्थहरु खाई आफन्त इष्टमित्रहरुसँग भेटघाट तथा रमाइलो गरि मनाउने प्रचलन रहेको छ ।

### घ. छठ





छठ पर्व हिन्दू धर्मावलम्बीहरुले मनाउने एक महत्वपूर्ण पर्व हो । यो पर्वमा सूर्य देवता तथा छठी माताको पूजा अर्चना गरी पुत्र, पति र परिवारको कल्याणको कामना गर्ने गरिन्छ । नेपालको विशेषरूपले तराई क्षेत्रमा श्रद्धा एवं भक्तिपूर्वक यो पर्व मनाईन्छ । निष्ठाका साथ उदाउँदो सूर्यलाई पूजा गरी यो पर्व मनाइन्छ । छठको प्रसादमा केराउ, केरा, नरिवल,  मिठाई, चना, कसार, कागती, अदुवा आदि राखिन्छ । विशेष गरी शुद्ध घिउमा गहुँको पिठोबाट निर्मित 'ठेकुवा' र चामलबाट निर्मित कसारको विशेष प्रसाद बनाइन्छ । यसदिन व्रतालुहरु पानीसमेत नपिई व्रत बस्दछन् । साँझपख नजिकैको नदी पोखरीका आदिमा गई पानीमा डुबेर अस्ताउँदो सूर्यलाई पूजा गर्छन् । सूर्यलाई चढाउनका लागि बनाइएका सामग्रीहरु घाटमा लगेर पालैपालो पानीमा डुबाउने सूर्य देवतालाई चढाउँछन् । यस दिनमा रातभर भजनकिर्तन

र नाचगान हुने गर्दछ । घाटलाई बेहुलीझैँ सिङ्गारिएको हुन्छ । भोलिपल्ट उदाउँदो सूर्यको पूजा गरी बिहानीमा सुर्यको किरणसँगै ब्रतालुहरु अन्जुलीमा पानी भरी जल चढाउछन् र पालैपालो प्रसाद अर्पण गर्दछन् ।

**ङ. ल्होसार**



ल्होसार दुई शब्द मिलेर बनेको छ । जसको अर्थ तिब्बत भाषासँग सम्बन्धित शेर्पा, भुटानी, डोल्पाली, तामाङ इत्यादि भाषाहरुमा ल्हो को अर्थ नयाँ वर्ष वा साल हुन्छ भने सारको अर्थ नयाँ हुन्छ । त्यसैले ल्होसारको अर्थ नयाँ वर्ष वा नयाँ साल भन्ने बुझिन्छ । ल्होसार बौद्ध धर्मावलम्बी शेर्पा, तामाङ, गुरुङ, थकाली आदि जातिले नयाँ वर्षको रुपमा मनाउने गर्दछन् । यस पर्वमा समाजका ठुलाबडा र गोम्पा तथा बौद्धको दर्शन गरी आशिर्वाद लिन्छन् ।

**च. ईद**





ईद इस्लाम धर्मावलम्बीहरुको एक महत्वपूर्ण पर्व हो । इस्लाम धर्मावलम्बीहरुले संसारभरि नै प्रायः एकै किसिमले मनाउने यो चाड नेपालमा बसोबास गर्ने मुस्लिमहरुले पनि धुमधामका साथ मनाउँदछन् । यो पर्व एक महिनासम्म रमजान रोजा सकेर मनाइने चाड ईद हो ।



**छ. रमजानः**

रमजान इस्लाम धर्मको प्रसिद्ध र पवित्र पर्व हो । रमजानको महिना हरेक मुस्लिमको लागि धैरै महत्वपूर्ण हुन्छ । यो पर्व २९ वा ३० दिनको हुन्छ । रमजानलाई १० दिनको फरकमा ३

भागमा बाँडिएको हुन्छ । यसलाई अशरा पनि भनिन्छ । रमजानको पहिलो अशरा रहमतको, दोस्रो असरा मगफिरतको र तेस्रो अशरा बक्शीशको हुन्छ । रमजानमा इस्लाम धर्म मान्नेहरु बिहानै अजान भन्दा पहिले खानपीन गर्दछन् जसलाई सहरी भनिन्छ । पूरा दिन रोजा बस्छन् तथा इबादत गर्दछन् । साँझापख अजान सुनेर रोजा तोड्छन् । रोजा तोड्ने प्रक्रियालाई इफ्तार भनिन्छ । यस्तै गरी एक महिना रोजा बस्छन् र चन्द्रमा हेरेर इद मनाउने गर्दछन् ।

**ज. मोहर्रमः**



मोहर्रम इस्लामिक क्यालेण्डरको पहिलो महिनामा पर्दछ । यसलाई मुस्लिमहरुका अनुसार वर्षको पवित्र महिना मानिन्छ । मोहर्रमको दशौँ दिन सबभन्दा महत्वपूर्ण दिन हो । यो पर्व हुसैन इमरानको मृत्युको शोक मनाउनको लागि शिया मुस्लिमहरुद्वारा मनाइन्छ । सुन्नी मुसलमानद्वारा आफन्तको बदलाको लागि मनाइन्छ ।

**झ. तीजः**



तीज हिन्दू नारीहरूले मनाउने एउटा महत्वपूर्ण चाड हो । यो चाड सामान्यतया भाद्र महिनामा पर्दछ । तीजमा भगवान शिवको आराधना गरिनुका साथै नाचगान मनोरञ्जन समेत गर्ने गरिन्छ । भगवान शिवकी पत्नी पार्वतीले भगवान शिवको स्वास्थ्य तथा शरीरमा कुनै बाधा उत्पन्न नहोस् भनेर व्रत लिएकी थिइन् । त्यो दिन यही हरितालिका तिजको दिन थियो । त्यसै दिनदेखि आजसम्म हिन्दू नारीहरुले तीज पर्व मनाउँदै आएका छन् । यो चाडमा माइतीले छोरीचेलीहरुलाई बोलाएर मिठा परिकार खुवाउने तथा सुख-दुःख साटासाट गर्ने चलन छ । अघिल्लो दिन दर खाएर भोलि पल्ट दिनभर पानीसम्म पनि नखाई व्रत बस्ने गरिन्छ । महिलाहरूले पतिको निम्ति निराहार रहेर भगवान शिव तथा पार्वतीसँग प्रार्थना गर्दछन् ।

**ञ. क्रिसमस डे**



क्रिसमस ईसाई धर्म मान्ने मानिसहरूको यो एउटा महत्वपूर्ण पर्व हो । यो पर्व २५ डिसेम्बरको दिन धुमधामसँग मनाउने गरिन्छ । क्रिसमसको दिन ईसा मसीह (जिसस क्राइष्ट) को जन्म भएको थियो ।

क्रिसमसको दिनमा क्रिसमस ट्री, केकको धेरै महत्त्व हुन्छ । आफ्ना इष्ट मित्र एवं साथीभाईलाई मिठाई चकलेट शुभकामना कार्ड आदि दिने गर्दछन् ।

### ट. चौरचन



मिथिला क्षेत्रमा खासगरी मधेशी समुदायमा यो पर्वलाई विशेष महत्वका साथ विधिपूर्वक ब्रत बसी मनाउने गरिएको छ । भाद्र शुक्ल चौथीका दिन मनाउने चौरचन पर्वमा पूजाको सामग्रीमा नयाँ माटोको भाँडोमा दही केरा पुरी लगायतका खाद्य वस्तु राखेर पूजा गरिन्छ ।

यस पर्वमा पूजामा सहभागी परिवारका एक सदस्य खासगरी महिला दिनभर बसमा बसेर साँझपख गणेश र चन्द्रमाको पूजा गरेर विधिवतरुपमा पर्व सम्पन्न गर्दछन् ।

### ठ. जितिया





जितिया पर्व सन्तानको दीर्घायूका लागि विशेषगरी हिन्दू महिलाले बस्ने व्रतको रुपमा चिनिने पर्व हो । जितिया पर्व आश्विन कृष्ण पक्षको अष्टमी तिथिका दिन नेपालको चितवन देखि झापासम्म विभिन्न जिल्लाहरुमा मनाउने गरिन्छ । यस व्रतमा उपवासको क्रममा जीत वहान भगवानको कथा र महिमा सुन्ने चलन पनि रहेको छ । विशेषगरी थारु र मैथिली समुदायको कूल चाडको रुपमा रहेको जितिया पर्वमा सन्तानको सुख-शान्ति र दीर्घायुको कामना गरिन्छ । यो पर्व तीन दिनसम्म मनाइन्छ । सन्तानको दीर्घ जीवन, सन्तान प्राप्ति तथा पारिवारिक सुख र शान्तिका लागि मनाइने जितिया पर्वको धार्मिक तथा सांस्कृतिक महत्व रहेको छ ।

## ड. विवाहपञ्चमी





भगवान श्रीराम र माता सीताको विवाह भएको दिनलाई विवाहपञ्चमी भनिन्छ । मार्गशीर्ष शुक्ल पक्ष पञ्चमी तिथिमा रामसीता विवाहपञ्चमी पर्दछ । विवाह भएको खुसियालीमा सम्झना स्वरुप जनकपुरधाममा प्रत्येक वर्ष विवाहपञ्चमी मनाउने परम्परा छ । उक्त स्थानमा यसदिन त्यही कुरामा मन्दिरबाट जन्ती सहित भगवान रामको डोला नगरको परिक्रमा गर्दै ल्याइएपछि जानकी मन्दिरबाट बाजागाजासहित लावालस्कर का साथ जानकीको टोली लगेर स्वयम्बर गरिन्छ । दुबै डोलालाई नगरको परिक्रमा गर्दै जानकी मन्दिरमा पुगी मिथिलाको अनुसार वैवाहिक कार्यक्रम सम्पन्न गरिन्छ ।

## ढ. भौंरी



भौंरी तराईमा बस्ने हिन्दू धर्मावलम्बीहरुले मनाउने एक महत्वपूर्ण चाड हो । यो पर्व असार महिनाको पुर्णिमाको दिन पर्दछ । परापूर्वकालमा गाईवस्तु चराउने अहिर जातिका मानिसहरुले गाईवस्तुको कुलपूजा को रुपमा मनाउने चाड हो । भौंरी गहुँको पिठोको डल्लो बनाई गाईको गोबरको गुइँठामा पकाउने गरिन्छ । भौंरी गोठमा पकाइन्छ । भौंरी पकाइसकेपछि जायफल, घ्यू, चिनी आदि सँग भौरी खाने चलन छ । उक्त दिनभरमा दाल, भात,तरकारी आदि कुनै पनि खाना पकाउन पाइदैन ।

## ण. गुरिया/गुडिया/गुराही/नागपञ्चमी





नाग पञ्चमीको दिन थारु समुदायमा मनाउने पर्व गुरिया हो। यस दिनमा केटाहरु दिनभरि कुश वा अंगराज घाँसको स्वाता (एकप्रकारको लठ्ठी) तयार गर्ने गरिन्छ। महिलाहरुले दिनभरी गुरही (गुडिया) कपडाको गुडिया तयार गर्दछन् भने साँझपख गाउँको चौराहामा सबै केटा र केटी जम्मा भई केटीहरुले आफ्नो गुरही (गुडिया) चौराहामा फाल्ने गर्दछन् र केटाहरुले स्वाता (एक प्रकारको लठ्ठी) ले गुडियालाई हिर्काउने गर्दछन्। केटीहरुले घरबाट तयार गरेर ल्याएको घोगरी (चना, केराउको गेडागुडी भिजाएको तेलमा भुटेको एक प्रकारको परिकार खान दिने गर्दछन्। गुरहीलाई गाउँको खराब रोगब्याधिको प्रतिकको रुपमा मानिन्छ।

**त. ऋषि तर्पणी/ जनै पूर्णीमा/ रक्षाबन्धन**

प्रत्येक वर्ष श्रावण महिनाको पूर्णिमाको दिन मनाइने रक्षाबन्धन हिन्दू धर्मावलम्बीहरूको प्रमुख पर्व हो। यस पर्वलाई जनै पूर्णीमा पनि भनिन्छ। यस दिन तागाधारीहरुले विधीपूर्वक मन्त्रिएको जनैधारण गर्ने गर्दछन्। अन्य व्यक्तिहरुले भने हातमा मान्यजन तथा गुरुपुरोहितबाट नाडीमा रक्षाबन्धन बाँध्ने चलन रहेको छ। पछिल्लो समय यस दिन दिदीबहिनीहरुले आफ्नो दाजुभाइहरूको दाहिने हातको नाडीमा राखी बाँधेर लामो आयुको कामना गर्ने प्रचलन रहेको छ। राखी (रक्षासूत्र) लाई शक्ति, विश्वास र विजयको प्रतीक मानिन्छ।

रक्षा बन्धनको मन्त्रः

येन बद्धो बली राजा दानवेन्द्रो महावल :

तेन त्वां प्रतिबद्ध्नमि रक्षे मा चल मा चल।

**भावार्थ** :

" जुन रक्षा (काँचो धागो) दानवहरुको महान् राजा वलीलाई बाँधिएको थियो, म तिमीलाई त्यही धागोले बाँध्दछु यो रक्षाबन्धनले तिम्रो सदैव रक्षा गर्नेछ। "

**थ. सकट**

हिन्दू धर्ममा सबै चतुर्थी तिथिहरूको विशेष महत्त्व छ। वर्षमा २४ चतुर्थी हुन्छ। शास्त्रमा सकट चौथको विशेष महत्त्व रहेको छ। माघ महिनाको कृष्णपक्षको चतुर्थी तिथिमा सकट चौथ व्रत मनाइन्छ। यसदिन महिलाहरुले व्रत बसेर भगवान गणेशको पूजा गर्ने चलन छ। धार्मिक विश्वास अनुसार यस दिन व्रत बस्नेको भगवान् गणेशले पूरा गर्नुहुन्छ, साथै सबै संकटबाट रक्षा गर्नुहुन्छ। यसलाई तिलकुट चौथ, संकट चौथ, संकष्टी चतुर्थि, माघी चतुर्थी पनि भनिन्छ। नारीहरुले आफ्ना सन्तानको दीर्घायु र सुख समृद्धिको लागि यो व्रत बस्दछन्। यसदिन गणेश सँगै सकट माताको पनि पूजा गरिन्छ।

**द. सेतुवा**



सेतुवा हिन्दू धर्मावलम्बीहरुले मनाउने चाड हो। मधेसी समुदायमा वैशाख महिनाको औंशी तिथि आमको मुख हेर्ने दिन सेतुवा मनाइन्छ। यसलाई सातु खाने दिन पनि भनिन्छ। पहाडी समुदायमा भने बैशाख

महिनाको औंशी तिथि  पछि तृतीयाको दिनमा यो पर्वलाई अक्षय तृतीयाको रुपमा मनाउने प्रचलन रहेको छ। खासगरी यस पर्वले खेतीपातीको महत्त्वलाई उजागर गर्दछ त्यसैले यस दिन अन्नको पूजा गरिन्छ। गर्मी महिनामा जौ चिसो हुने भएकाले सातु तथा सर्वत खाँदा शरीरलाई फाइदा हुने भएकाले वैज्ञानिक दृष्टिकोणबाट पनि सेतुवा (अक्षय तृतीया) को विशेष महत्त्व रहेको छ। यस दिन सार्वजनिक स्थलहरुमा सबैलाई सातु सर्वत दान गर्नाले अक्षय पुण्य प्राप्त हुने धार्मिक विश्वास रहेको छ। जौलाई कुटेर, पानीमा भिजाएर, भुटेर सातु बनाई चिनी तथा सख्खरसँग खाने चलन छ। सातु कुल देवतालाई चढाउने गरिन्छ। सेतुवाको दिन दाल, तरकारी आदि पाक्दैन।

## क्रियाकलाप

१. आफ्नो समुदायमा मनाउने चाडपर्वहरूको सूची तयार पार्नुहोस्।
२. हिन्दू धर्मावलम्बीले मनाउने पर्वहरुको नाम भन्नुहोस्।
३. मुस्लिमहरुले मनाउने पर्वहरूको नाम बताउनुहोस्।
४. तपाईँको समुदायमा मनाइने चाडपर्व चित्र वा फोटो सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस्।

५. तपाईँको नगरपालिकामा मनाइने छ वटा पर्व पर्ने महिनाको पात्रो हेरेर तालिकामा देखाउनुहोस्।

| पर्वहरु | पर्व पर्ने महिना |
|---|---|
| | |
| | |
| | |
| | |
| | |

६. तपाईँ आफ्नो समुदायमा मनाइने कुन कुन-चाडपर्वमा सहभागी हुनुभएको छ ? सहभागी हुँदाको अनुभव क्षमा सुनाउनुहोस्।
७. तपाई आफुले मनाउने चाड पर्वहरु र साथीले मनाउने चाड पर्वहरुमा खानेकुरा, लगाउने लुगा अन्य क्रियाकलापहरुमा के-के समानता र भिन्नता पाउनुभएको छ ? साथीसँग छलफल गरेर समानता र भिन्नता छुट्टयाई कक्षामा प्रस्तुत गर्नुहोस्।

**अभ्यास:**

## १. पर्व र जातिमा जोडा मिलाउनुहोस् ।

| पर्व | जाति |
|---|---|
| गुडिया | मुस्लिम |
| चौरचन | हिन्दू नारी |
| ल्होसार | थारु |
| रामजान | मधेशी समुदाय |
| तीज | शेर्पा |

## २. तल दिइएका खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् ।

क) तिहारलाई ................ का रुपमा पनि चिनिन्छ ।

ख) माघि पर्व ........... गते मनाइन्छ ।

ग) ईद ............. धर्म मान्ने मानिसको पर्व हो ।

घ) छठको प्रसादमा ............ राखिन्छ ।

ङ) क्रिस्मस डे ......... धर्म मान्ने मानिसको पर्व हो ।

## ३. तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।

क) तपाईँले आफ्नो समुदायमा मनाउने चाड पर्वहरुको नाम लेख्नुहोस् ।

ख) हिन्दू धर्म मान्ने मानिसहरुले मानाउने पर्वको नाम लेख्नुहोस् ।

ग) मुस्लिम समुदायले मनाउने पर्वको नाम लेख्नुहोस् ।

घ) तपाईलाई मन पर्ने चाडपर्व कुन हो ? उक्त चाड मन पर्नुका कुनै तीन कारणहरु लेख्नुहोस्

ङ) कुन चाडपर्वमा के-के गरिन्छ ? तालिकामा भर्नुहोस् ।

| क्र.स. | चाडपर्वको नाम | के गरिन्छ | के के खाइन्छ |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |

## पाठ ४  नगरपालिका भित्रको सामाजिक, सांस्कृतिक तथा धार्मिक अवस्था

### पढौँ र बुझौँ



(जिल्ला बर्दिया गुलरिया नगरपालिका वडा नं.५ स्थित श्री शान्ति प्राथमिक विद्यालय बालापुरमा कक्षा ४ मा पढ्ने श्रीजा थारु र कक्षा ५ मा पढ्ने अनुजा थारु बीचमा भएको कुराकानी)

**श्रीजा** :  नमस्कार अनुजा दिदी । सञ्चै हुनुहुन्छ ?

**अनुजा** :  नमस्कार श्रीजा नानु । म ठिक छु अनि नानुको हाल के छ त ?

**श्रीजा** :  सञ्चै छु दिदी । एउटा कुरा सोधौं कि दिदी ?

**अनुजा** :  सोध न । के कुरा हो ?

**श्रीजा** :  दिदी हाम्रो नगरपालिकामा कुन-कुन जातिका मानिसहरु बसोबास गर्छन् ? बताइदिनुहोस् न ।

**अनुजा** :  ए ! हाम्रो नगरपालिकामा थारु, अवधी, मुस्लिम, ब्राहमण, क्षेत्री, मगर आदि धेरै जातिका मानिसहरु बस्छन् ।

**श्रीजा** :  ए ! हो र । तिनीहरुले कुन-कुन धर्म मान्दछन् ?

**अनुजा** : हाम्रो नगरपालिकामा हिन्दु, मुस्लिम, क्रिश्चियन आदि धेरै धर्म मान्ने मानिसहरु छन् । केही अन्य धर्म मान्ने पनि बसोबास गर्छन् ।

**श्रीजा** :  दिदी , के सबै धर्म र जातिका मानिसको सांस्कृतिक परम्परा पनि एउटै छ त ?

**अनुजा** :  होइन नानु , अवधी भाषी, नेपाली भाषी, थारु भाषीको एउटै हिन्दु धर्म भए पनि धार्मिक तथा साँस्कृतिक परम्परा अलग-अलग रहेको छ ।

**श्रीजा** :  ए ! हो र । त्यसो हो भने कस्ता-कस्ता परम्परा छन् त ? दिदी ।

**अनुजा** : ल सुन, अवधी भाषीहरुले चौरचन, भौरी, सेतुवा, सकट र नेपाली भाषीले दशैं, तिहार,  तीज तथा मुस्लिम जातिले ईद, रमजान, मुहर्रम त्यसैगरी थारु जातिकाले माघी, दशैं, अटवारी, अनत्तर जस्ता पर्वहरु मनाउछन् ।

**श्रीजा** : गुलरिया नगरपालिका भित्र त फरक–फरक सामाजिक, साँस्कृतिक तथा धार्मिक अवस्था पो रहेछ ।

**अनुजा** : हो। तिमीले ठिक भन्यौ बैनी।

**श्रीजा** : दिदी फरक-फरक जातिको सामाजिक, साँस्कृतिक तथा धार्मिक अवस्था कस्तो छ नि ?

**अनुजा** : अनेक धर्म, परम्परा, संस्कृतिका मानिस यो नगर पालिकामा बसेको भए पनि एक अर्का बीच सुमधुर सम्बन्धका साथ आपसमा मिलेर, चाडपर्वमा गएर, रमाएर बसेका छन्।

**श्रीजा** : आहा ! कति राम्रो हाम्रो नगरपालिका है।

**अनुजा** : हो। अरु नगरपालिका भन्दा हाम्रो नगर राम्रो छ। अव घण्टी लाग्यो। तिमी आफ्नो कक्षामा जाउ म पनि कक्षामा जान्छु है।

**श्रीजा** : हुन्छ। दिदी।

## क्रियाकलाप

१. माथिको वार्तालाप दुई-दुई जना भएर पालैपालो संवाद गर्नुहोस्।
२. आफ्नो वडाको सामाजिक , सांस्कृतिक तथा धार्मिक अवस्थाको बारेमा संवाद गर्नुहोस्।

## अभ्यास

### क. उपयुक्त शब्द लेखी खाली ठाउँमा भर्नुहोस्।

**आइतवारी　　चौरचन　　तीज　　मुहर्रम　　चार**

१. नेपाली भाषीले.................... पर्व मनाउछन्।

२. थारु जातिको पर्व ................ हो।

३. मुस्लिमहरुको पर्व ............... हो।

४. अवधी भाषीले .................. पर्व मनाउछन्।

५. श्रीजा कक्षा ............. मा पढ्छिन्।

### ख. तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।

१. गुलरिया नगरपालिकामा बसोबास गर्ने मानिसले मनाउने कुनै ५ वटा पर्वहरुको नाम लेख्नुहोस्।
२. तपाईँको समुदायमा बस्ने मानिसहरु कुन-कुन धर्ममा आस्था राख्दछन् ? लेख्नुहोस्।
३. तपाइको परिवारले मान्दै आएको पर्वहरुको नाम लेख्नुहोस्।

## परियोजना कार्य

विभिन्न धर्म र जातिको सामाजिक, साँस्कृतिक तथा धार्मिकता झल्किने चित्र सङ्कलन गरी चार्ट पेपरमा टाँस्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस्।

## पाठ ५ हाम्रा संस्कारहरु

### जन्म संस्कार





हाम्रो समाजमा विभिन्न समुदायका मानिसहरु बसोबास गर्छन् । हरेक समुदायका आ-आफ्ना रीतिरिवाज, परम्परा र संस्कारहरु हुन्छन् । रीतिरिवाज र संस्कारहरु धर्म अनुसार फरक-फरक हुन्छन् । यस नगरपालिकामा हिन्दू, मुस्लिम, क्रिश्चियन आदि विभिन्न धर्म मान्ने मानिसहरुको बसोबास रहेको छ । यहाँका धेरै मानिसहरु हिन्दू धर्म मान्दछन् । हिन्दू धर्मावलम्बीहरुका आफ्नै किसिमको चाडपर्व, रीतिरिवाज, नियम र संस्कारहरु हुन्छन् । हिन्दू धर्म मान्ने मानिसहरुका जन्म देखि मृत्युसम्म सोह्र संस्कारहरु हुन्छन् । हाम्रा समुदायमा बच्चाको जन्म हुदाँ खुसी मनाउने गरिन्छ । बच्चा जन्मेपछि आमा र बच्चालाई स्वस्थ र सुरक्षित राख्न परिवारका अन्य सदस्य भन्दा बढी ध्यान दिइन्छ । ६ दिन देखि ११ दिन सम्ममा जन्मेको मिति, तिथि हेरी बच्चाको नाम राखिन्छ । यसलाई नामाकरण संस्कार भनिन्छ ।

### मृत्यु संस्कार




मानिस जन्मेपछि मर्नुपर्छ । जन्मदा खुसी मनाइन्छ भने मृत्यु हुँदा घरपरिवार तथा आफन्तजनमा दु:खको वातावरण सिर्जना हुन्छ ।



मृत्यु भइसकेपछि आ-आफ्नो परम्परा र संस्कार अनुसार खाल्डो खनेर पुरिदिने, जल समाधी गरिदिने वा नदी किनारमा लगी जलाउने गरिन्छ । हाम्रो समुदायमा सानो बच्चाको मृत्यु हुँदा खाल्डोमा पुरिदिने र ठुलो मानिसको मृत्यु हुँदा जलाउने गरिन्छ । मृत शरीरलाई जलाइसकेपछि आ-आफ्नो संस्कार अनुसार ३ दिन देखि १३ दिन सम्म अरुलाई नछोइ अलग बस्ने गरिन्छ । कसैले ३ दिनमा, कसैले ५ दिनमा, कसैले १३ दिनमा चोखो र शुद्ध हुन मृत्युमा सहयोग गर्ने सबैलाई घरमा बोलाई पितृ प्रसाद खुवाउने गरिन्छ । यसरी हाम्रो समुदायमा मृत्यु भएपछिको संस्कार पूरा गरिन्छ ।

## क्रियाकलाप

१. तपाईँको आफ्नो समुदायमा जन्म संस्कारमा गरिने कार्यहरु बताउनुहोस्।

२. आ-आफ्नो समुदायमा मृत्यु संस्कारमा गरिने कार्यहरु भन्नुहोस्।

## अभ्यास

**क. तल दिइएका वाक्यहरु सही भए (√) चिह्न र गलत भए (×) चिह्न लगाउनुहोस्।**

१. हिन्दू धर्म अनुसार जन्म देखि मृत्यु सम्म सोह्र संस्कार हुन्छन्। ( )

२. ६ दिन देखि ११ दिन सम्म जन्मेको तिथि, मिति हेरी बच्चाको नाम राखिन्छ।()

३. सबै धर्म मान्ने मानिसहरुको रीतिरिवाज र संस्कारहरु एउटै हुन्छन्। ( )

४. हिन्दू धर्म अनुसार यदि बच्चाको मृत्यु भयो भने जलाउने गरिन्छ। ( )

५. मृत शरीरलाई जलाई सकेपछि ३ दिन देखि १३ दिन सम्म किरिया बसिन्छ। ( )

**ख. तलका प्रश्नहरुको उत्तर लेख्नुहोस्।**

१. तपाईँको समुदायमा जन्म संस्कारमा गरिने कार्यहरु आफ्ना अभिभावकलाई सोधेर लेख्नुहोस् ।

२. आफ्नो समुदायमा मृत्यु संस्कारमा गरिने कार्य अभिभावकसँग सोधपुछ गरी लेख्नुहोस्।

# एकाइ : तीन
# स्थानीय पेशा व्यवसाय र प्रविधि

**सिकाइ उपलब्धि:**

१. आफ्नो टोल समुदायका मानिसहरुले आय आर्जनका लागि गर्ने कामहरु बताउन,

२. परम्परागत पुख्र्यौली सीपको प्रयोगबाट बनाइएका बस्तुहरुको नाम बताउन र

३. मौसमी तथा बेमौसमी रुपमा गाउँ घरमा उत्पादन गरिने कृषि उपजहरुको पहिचान गरी यसको महत्त्व बताउन ।

## पाठ १ हाम्रो समुदायको पेशा

### १.१ चित्र हेरेर छलफल गर्नुहोसः



आजको पाठ सामुदायमा गारिने पेशाहरुको बारेमा रहेको छ । कक्षा सुरु गर्दै शिक्षकले भन्नुभयो, 'हाम्रो सामुदायमा बिभिन्न पेशा व्यवसाय गर्ने मानिसहरु हुन्छन्, तिमिहरुको छिमेकमा पनि धेरै प्रकारका काम गर्ने मानिसहरु होलान, तिमिहरुको छिमेकमा बस्ने मानिसहरुले के-के पेशा गर्नुहुन्छ ? भन त ।



बिक्रमले भने "मेरो घर नजिकै पुनमको घर छ । उनका बुबा तरकारी खेती गर्नुहुन्छ । वहाँ किसान हो । मेरा अर्का छिमेकी दूध बिक्रि गर्नुहुन्छ, वहाँ पनि किसान हो ।" रविले भने "मेरो छिमेकीको नाम अखिलेश हो । वहाँ विद्यालयमा पढाउने काम गर्नुहुन्छ । वहाँ शिक्षक हो । "मेरो छिमेकमा जाकिर काका बस्नुहुन्छ । वहाँले तरकारी बिक्री गर्नुहुन्छ । वहाँ व्यवसायी हो" रिता ले भन्छिन् । सुलेमान भन्छन, "मेरो छिमेकीको नाम बाबुलाल हो । वहाँ अस्पातालमा काम गर्नुहुन्छ । वहाँलाई सबैले स्वास्थ्यकर्मी भन्दछन् । मेरो घरको पूर्वपट्टि आशा दिदी बस्नुहुन्छ । वहाँ कार्यालयमा काम गर्नुहुन्छ । " त्यसपछि रमिला ले उठ्दै भनिन्, "सर, मेरो घरको नजिकै अहमदको घर छ, उनको बुवा टी.भी., रेडियो, कम्प्युटर आदि बनाउने काम गर्नुहुन्छ । वहाँ मेकानिक्स हुनुहुन्छ । अहमदको घरको नजिकै प्रमोद काकाको घर छ । वहाँको किराना पसल छ । "मेरा छिमेकीहरु पनि बेग्लाबेग्लै कामहरु गर्दछन् । कोही माछा पालन गर्दछन त कोही पशुपालन गर्दछन् । कोही भने फलामको काम समेत गरेर आय आर्जन गर्दछन । कोही घर बनाउने र धारा गाड्ने तथा पाइप जोड्ने कामहरु गर्दछन् ।

## अभ्यास

### १. खाली ठाउ भर:

क) बिद्यालयमा..........ले पढाउने काम गर्दछन् ।

ख) खेतबारीमा काम गर्ने मानिसलाई.........भनिन्छ ।

ग) रेडियो, टि. भि. बनाउने मानिसलाई........भनिन्छ ।

घ) पसल मा सामान बिक्रि गर्ने मानिसलाई..........भनिन्छ ।

ङ) अस्पतालमा काम गर्ने मानिसलाई ...........भनिन्छ ।

## क्रियाकलाप

२. तपाईँको समुदायमा कुन-कुन पेसा गर्ने मानिसहरु बसोबास गर्दछन् ? उनीहरूले गर्ने काम लेख्नुहोस् ।

३. साथिसँग छलफल गरेर कुनै पाँच ओटा पेसाको नाम लेख्नुहोस् ।

४. हाम्रा छिमेकीहरुले गर्ने कामले हामिलाई कस्ता-कस्ता फाइदा हुन्छन् लेख्नुहोस् ।

# पाठ- २ हाम्रा पुर्ख्यौली सामग्रीहरु

## २.१ चित्र  हेरौँ र बुझौँ










१. दिईएको चित्रमा के- के देख्नुभयो ?

२.  माथि प्रस्तुत गरिएका सामग्रीहरु के-के कामका लागि प्रयोग गरिन्छ?

## २.२  पढौँ र बुझौँ

गुलरिया नगरपालिकामा विविध जातजातिहरुको मिश्रित बसोबास रहेको हुँदा यहाँ हरेक जातजातिका आ-आफ्नै पुर्ख्यौली सिपहरु छन् । यहाँ हामी पुर्ख्यौली सिपको प्रयोग गरी बनाइएका केही सामग्रीहरुको बारेमा परिचय दिदैछौँ ।

**१) हेल्का:**

थारु समुदायका माहिलाहरुले खोला तथा नदीमा माछा मार्न प्रयोग गर्ने जालीदार बस्तुलाई हेल्का भनिन्छ । यो विशेष खालको मसिनो जाली र दत्ति प्रयोग गरी बनाईएको हुन्छ । सनपाट वा सुखिथाको लहराबाट सुतली निकाली हेल्काको जाली बनाईन्छ भने कन्धर को लचकदार काठ बाट दत्ति बनाईन्छ ।

**२) झौवा:**

जङ्गली लहरा (बौंरा) को प्रयोग गरी निर्माण गरिएको, विशेष गरी टाउकोमा सामान बोक्न प्रयोग गरिने परम्परागत सामग्रीलाई झौवा भनिन्छ । थारु तथा मधेशी समुदायमा झौवा प्रसिद्ध रहेको छ । टाउकोमा एक प्रकार को बिंडा (बिर्रि) राखि झौवा बोक्ने गरिन्छ ।

**३) खैँचाः**

बाँसको मसिना चोया बनाई बुनिएको सामग्रीलाई खैँचा भनिन्छ । खैँचा विशेष गरी थारु समुदायमा प्रयोग गरिने सामग्री हो । खैँचाको प्रयोग घाँस वा पराल बोक्नको लागि गरिन्छ ।

**४) ढकियाः**

रारा (एक प्रकार को सुकेको घाँस) र मुंज (थारु भाषामा कुसुङगा) को प्रयोग गरी थारु समुदायमा स-सानो परिमाणमा सामान राख्न तथा बोक्न बनाईने मुख खुल्ला भएको एक प्रकारको भाँडोलाई ढकिया भनिन्छ । ढकिया, मुंजलाई बिभिन्न रङले रङगाई रङगीन वा सादा पनि बनाउने गरिन्छ ।

**५) डिलियाः**

बाँसको मसिना चोया बनाई, चोयाबाट सिन्का निकाली तिनै सिन्काको प्रयोग गरी अम्खोरा आकारमा मुख केही सानो र पेट फुकेको सामाग्रीलाई डिलिया भनिन्छ । नदी या खोलामा माछा मार्न जाँदा विशेष गरी जाल हान्ने मान्छे र माहिला मछुवारहरुले कम्मरमा बाँधी माछा राख्न यस्को प्रयोग गर्ने गर्दछन् ।

**६) झप्कन्याः**

बाँसको चोयाबाट बुनिएको टोकरीलाई झप्कन्या भनिन्छ । यस्को आकार छिटुवा भन्दा ठुलो हुनुका साथै माथिबाट बिर्को पनि रहन्छ । यसमा आलु, लसुनको बिउ, सुकाएको खुर्सानी आदि राख्ने गरिन्छ । यो सामग्री थारु समुदायमा विशेष प्रचलनमा रहेको पाईन्छ ।

**७) करुवाः**

धातु युग प्रारम्भ हुनु भन्दा पहिला र मध्ये पाषण युगपछि, प्रयोगमा आएको माटोबाट बनेको, आगोमा पोलेर रातो बनाइएको, सानो टुटियुक्त पानी राख्ने भाँडोलाई करुवा भनिन्छ । थारु तथा अवधी भाषी वा मधेशी समुदाय मा करुवा को प्रयोग गर्ने गरिन्छ । यी र यस्तै प्रकारका अन्य सामानहरु जस्तैः डेहेरी, टिक्ठी, खटिया, मच्च्या, लडिया, हलो, सुपा, टुम्मा, सिलौटो लगायत धेरै पुर्ख्यौली वस्तुहरु हाम्रो समाजमा प्रशस्त मात्रामा प्रयोग हुने गर्दछन् ।

## अभ्यास

**१. जोडा मिलाउनुहोस् :**

| समुह 'क' | समुह 'ख' |
|---|---|
| हेल्का | पानी खान |
| डिलिया | घाँस बोक्न |
| खैंचा | सुकाएको सामान राख्न |
| झप्कनिया | माछा मार्न |
| करुवा | कम्मरमा बाँधी माछा राख्न |

२. तपाईँका घरमा भएका पुख्यौंली सामानहरूको सूची बनाई तिनीहरुको प्रयोग तालिकामा लेख्नुहोस् ।

| सामान | प्रयोग |
|---|---|
| १. | |
| २. | |
| ३. | |
| ४. | |
| ५. | |

**तलका प्रश्न हरुको उत्तर लेख्नुहोस ।**

क) तपाईँले देखेका पुख्यौंली सामग्रीहरुको सूची तयार गर्नुहोस् ।

ख) हेल्काको प्रयोग के का लागि प्रयोग गरिन्छ ,लेख्नुहोस् ।

ग) झप्कनिया भनेको के हो ?

# पाठ ३ मौसमी तथा बेमौसमी तरकारी र फलफुल

## ३.१ चित्र हेरी छलफल गरौँ।






**प्रश्नहरु:**

१. चित्रमा देखाइएका फलफूल तथा तरकारीहरुको नाम भन्नुहोस्।
२. चित्रमा देखाइएका कुन-कुन तरकारी बर्षभरि पाइन्छन्?
३. माथि दिइएका तरकारी हरु कुन कुन माहिनामा फल्दछन्?
४. माथि दिइएका फलफूलहरु बर्षभरि खान पाइन्छ?

## ३.२ पढौँ र बुझौँ

शिक्षकले कक्षा चारका विद्यार्थीहरुलाई लघु भ्रमणका लागि लैजानुभएको छ। भ्रमणका क्रममा भएको उनीहरुबिचको कुराकानीका केही अंश तल प्रस्तुत गरिएको छः

**अक्लेशः** (तरकारी बारीमा काम गरिरहेका मानिसतिर देखाउदै) त्यो तरकारी बारीमा मानिस हरुले के गर्दै हुनुहुन्छ होला गुरुबा?

**गुरुबाः** त्यहाँ केहीले तरकारी टिप्दै हुनुहुन्छ, केहीले सङ्कलन गरीरहनुभएको छ।

**प्रियाः** गुरुबा, उहांहरुले के कस्ता तरकारीहरु फलाउनु भएको छ त?

**गुरुबाः** उहाँहरुले विभिन्न मौसमी तथा बेमौसमी तरकारीहरु उत्पादन गर्नुभएको छ प्रिया।

**रम्भाः** अनि गुरुबा, मौसमी र बेमौसमी तरकारी भनेका कस्ता हुन् बताइदिनुस् न गुरुबा?

**गुरुबाः** आहा ! कस्तो राम्रो प्रश्न सोध्नुभयो  रम्भा नानीले । मौसम अनुसार उत्पादन हुने तरकारी तथा फलफूललाई मौसमी तरकारी र फलफुल भनिन्छ भने उत्पादन हुने निश्चित समय भन्दा अगाडि वा पछाडी उत्पादन गरिने तरकारी तथा फलफुल बेमौसमी हुन् ।

**रिनाः** मौसमी तरकारी मा के-के पर्दछन त गुरुबा ?

**गुरुबाः** अहिले मंसिर महिना हो, उ त्यो बारीमा हेर्नु त फूलगोभी ,बन्दागोभी, मुला, अलि परको बारीमा आलु लगाइएको छ ती सबै हिउँदे तरकारी हुन् । तेस्तै त्यो पल्लो पाखामा देखिएको झाल सिमीको हो । त्यति मात्र होईन सुन्तला, स्याउ, नास्पाती, अङगुर आदि हिउँदे फलफूल हुन् नि रिना !

**लखनः** गुरुबा, पर पाखामा देखिएका टमाटर, भाजीको साग, तोरीको साग पनि हिउँदे तरकारी त हुन नि है ?

**गुरुबाः** स्याबास, लखन । तिमिले भनेको कुरा ठिक हो ।  उ पर हेर त्यो कालो प्लास्टिकले चारैतिर छोपेर घर जस्तो बनाईएको छ नि त्यहाँ च्याउ खेती गरिन्छ ।

**रिनाः** अनि गुरुबा, हाम्रो घरमा बुवाले फर्सी, लौका, बोडी, घिरिम्लो, चिचिन्डो, कर्कलो आदि पनि फलाउनुहुन्छ त ती कस्ता तरकारी हुन ?

**गुरुबाः** रिनाले राम्रो जिज्ञासा राख्नुभो । ती सबै वर्षायाममा उत्पादन हुने तरकारीहरु हुन् । त्यस्तै अम्बा, आँप, आरु, तरबुजा, लिची आदि वर्षे फलफूल हुन् । र अर्को कुरा रिना सबै जातका तरकारी बालीलाई सबै याममा उत्पादन गर्नका लागि कृत्रिम प्राविधिक तरिका अपनाइ गरिने खेती बेमौसमी तरकारी खेती हो ।

**अक्लेशः** गुरुबा, यो बेमौसमी तरकारी उत्पादन गर्दा हामिलाई के फाइदा हुन्छ ?

**गुरुबाः** ल सुन, बेमौसमी तरकारी उत्पादन गर्दा हामीले ताजा तथा शुद्ध तरकारी उपभोग गर्न पाउनुका साथै बिक्रि गरी राम्रो आयआर्जन गर्दै, रोजगारी पनि सृजना गर्न सकिन्छ ।

**रिनाः** हामीलाई यति धैरै जानकारी गराउनु भएकोमा गुरुबा लाई धैरै धैरै धन्यवाद ।

**गुरुबाः** तपाईँहरुले पनि यति धैरै जिज्ञासा राख्नुभएकोमा धन्यबाद ।

## अभ्यास

### १. तलका प्रश्न हरु को उत्तर लेख्नुहोस् :

क) मौसमी तरकारी केलाई भनिन्छ ?

ख) तपाईँको  गाउँघरमा उत्पादन गरिने कुनै ५ मौसमी तरकारीको नाम लेख्नुहोस् ।

ग)  बेमौसमी तरकारी उत्पादन गर्दा के-के फाईदा हुन्छ ?

घ)  कुनै ५ ओटा हिउँदे तरकारीको नाम लेख्नुहोस् ।

### २. तल दिइएका तरकारी तथा फलफूल कुन मौसममा फल्छन् छुट्टयाई तालिकामा भर्नुहोस् ।

फर्सी, लौका, भिन्डी, चिचिन्डो, बोडी, घिरौंलो, बन्दगोभी, मुला, आलु, प्याज, टमाटर, च्याऊ, फुलगोभी, लिची, आँप, स्याउ, सुन्तला

| हिंउँदमा फल्ने तरकारी | वर्षायाममा फल्ने तरकारी |
|---|---|
| | |

### ३. परियोजना कार्य:

तपाईँको समुदायमा गरिएको कुनै दुई तरकारी खेती अवलोकन गरी कृषकको सहयोगमा त्यहाँ भएका मौसमी तथा बेमौसमी तरकारीहरुको सूची बनाई कक्षा कोठामा प्रस्तुत गर्नुहोस् ।

# एकाइ : चार
## हरियाली विद्यालय र स्वच्छ नगर

**सिकाइ उपलब्धि:**


१. हरियाली र स्वच्छ नगर हुनुको फाइदा बताउन,

२. हरियाली र स्वच्छ नगर बनाउने उपाय बताउन,

३. फोहोर मैलाले स्थानीयस्तरमा पारेको असर बताउन,

४. फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन गर्न र

५. नगरपालिका क्षेत्रभित्र रहेका जलस्रोतको परिचय दिन र प्रयोग गर्न ।





# पाठ १ हरियाली र स्वच्छ नगर



गाउँ र नगर सबैतिर मानिसहरूको बसोबास रहेको छ । गाउँलाई ग्रामीण क्षेत्र र नगरलाई सहरी क्षेत्रका रूपमा पनि चिनिन्छ । ग्रामीण क्षेत्रको तुलनामा सहरी क्षेत्रमा जनघनत्व बढी हुन्छ । घना बस्ती र धेरै जनसङ्ख्या हुने भएकाले नगर क्षेत्रमा फोहोरमैला र दुर्गन्ध ग्रामीण क्षेत्रको तुलनामा अलि बढी हुने गर्दछ । नगर क्षेत्रमा हाटबजार, पसल, होटल, कलकारखाना पनि धेरै हुने भएकाले धुवा, धुलो, फोहोरमैला बढी उत्पादन हुने गर्दछ । नगर क्षेत्रमा धेरै मात्रामा गाडी मोटर चल्ने र मानिसहरूको चहलपहल पनि धेरै हुने भएकाले फोहोरमैला र प्रदुषण बढ्ने गरेको पाइन्छ । फोहोरमैला र प्रदुषणले सहरको सुन्दरतालाई बिगार्नुका साथै धेरै नकारात्मक असरहरू पार्दछ । तसर्थ नगरमा हुने फोहोरमैला र प्रदुषण नियन्त्रणका लागि थुप्रै प्रयासहरू गरिएको पाइन्छ । फोहोरमैला र प्रदुषण नियन्त्रणका लागि जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन, दैनिक रूपमा फोहोरमैला व्यवस्थापन, वृक्षारोपण लगायतका कार्यहरू गरिन्छन् । यस्ता कार्यले स्वच्छ र हरियाली नगर निर्माणमा सहयोग पुग्दछ । अब एकैछिन स्वच्छ र हरियाली नगर हुनुका फाइदाहरू के-के छन् ? यसबारे छलफल गरौं है त !

- स्वच्छ र हरियाली नगर भएमा नगर क्षेत्र सुन्दर र आकर्षक देखिन्छ ।
- स्वच्छ र हरियाली भएमा नगरक्षेत्र भित्रको वायु प्रदुषणमा कमी आउँछ ।
- स्वच्छ र हरियाली भएमा नगरक्षेत्रभित्र बसोबास गर्ने मानिसहरुको स्वास्थ्य राम्रो हुन्छ ।
- नगरक्षेत्र स्वच्छ र हरियाली भएमा नगरको आकर्षण बढ्न गई धेरै सङ्ख्यामा पर्यटकहरु भित्रिन सक्छन् ।
- स्वच्छ र हरियाली भएमा नगरपालिकाको गौरव बढ्छ ।

**क्रियाकलापः**

तपाईँलाई आफ्नो नगर स्वच्छ र हरियाली छ जस्तो लाग्छ ? यदि लाग्छ भने तपाईंको नगर स्वच्छ र हरियाली हुँदा के-के फाइदा भएको छ लेखेर कक्षामा साथीहरुलाई सुनाउनुहोस् ।

**अभ्यास**

**१. तलका भनाइहरु ठिक भए ठिक (√) र बेठिक भए (×) चिह्न लगाउनुहोस् ।**

(क) फोहोरमैला र प्रदुषणले नगरको सुन्दरतालाई बिगार्छ ।

(ख) नगरक्षेत्रमा उत्पन्न हुने फोहोरमैला एक दिन सफा गरे हुन्छ ।

(ग) स्वच्छ र हरियाली, नगर भएमा मानिसको स्वास्थ्य विग्रन्छ ।

(घ) स्वच्छ र हरियाली नगर भएमा पर्यटकहरु घुम्न आउँछन् ।

**२. तलका प्रश्नहरुको उत्तर दिनुहोस्:**

(क) स्वच्छ र हरियाली नगर भएमा हाम्रो स्वास्थ्यमा कस्तो असर पर्छ ?

(ख) स्वच्छ र हरियाली नगर भएमा पर्यटकहरू घुम्न आउँछन्, किन ?

(ग) स्वच्छ र हरियाली नगरका फाइदाहरू लेख्नुहोस् ।

# पाठ २ हरियाली र स्वच्छ नगर बनाउने उपाय

**भाइबहिनीहरु, तलको कविता पढौँ है तः**

- *प्रभात सुवेदी "अर्धव्यास"*



स्वच्छ, सफा, हरियाली नगर बन्छ हाम्रो
हराभरा नगर भए वातावरण राम्रो ।
सडकपेटी, किनारमा रोपौँ नयाँ बोट
मलजल लगाइराखौँ, नपारेर चोट ।।

गर्मी हुँदा बस्नलाई छहारी छ दिने
श्वास फेर्न यिनैबाट अक्सिजन हो लिने ।
बाटोघाटो जतातत फोहोर फाल्नु हुन्न
सडक अनि बस्ती छेउ आगो बाल्नु हुन्न ।।

सिसाजन्य, धातुजन्य, प्लास्टिकका फोहोर
पुन: प्रयोग गरेपछि कमाइन्छ मोहोर ।
जैविक फोहोर खाल्डो खनी बनाऔँ है मल
बोट बिरुवा सप्रिन्छन् है पाए मलजल ।।

डम्पिङ साइट बनेको छ हाम्रो पालिकामा
ट्याक्टर आउँछ फोहोर लान आफ्नै तालिकामा ।
यति गरे हरियाली स्वच्छ नगर बन्छ
अब हाम्रो नगरलाई फोहोर कसले भन्छ ?

**क्रियाकलापः**

स्वच्छ र हरियाली नगर बनाउन तपाईंको नगरपालिकाले गरेका कामहरू कक्षामा साथीहरूसँग छलफल गरी लेखेर प्रस्तुत गर्नुहोस् ।

## अभ्यास:

### १. उपयुक्त शब्द राखी खाली ठाउँ भर्नुहोस् ।

(क) सडकको किनारामा .................. रोप्नुपर्छ । (धान, रुख, कोदो)

(ख) रुखबाट हामी .................. पाउँछौ । (अक्सिजन, कार्बनडाइअक्साइड, प्रकाश)

(ग) जैविक फोहोरबाट.................. मल बन्दछ । (रासायनिक, प्राङ्गारिक, चिनी)

(घ) फोहोरलाई .................. मा जम्मा गर्नुपर्छ । ( डस्टबिन, भान्सा, भकारी)

### २. तलका प्रश्नहरुको उत्तर दिनुहोस ।

(क) रुखबाट हामीलाई के फाइदा हुन्छ ?

(ख) हरियाली र स्वच्छ नगर बनाउन गर्न सकिने कुनै तीन ओटा कार्यहरू लेख्नुहोस् ।

(ग) "फोहोरमैला जथाभावी फ्याक्नु ठिक होइन?" यस भनाइलाई प्रष्ट पार्नुहोस् ।

### परियोजना कार्य

तपाइको नगरलाई स्वच्छ बनाउन के-के गर्नुपर्ला ? उपायहरूको सूची बनाई कक्षामा पालै पालो प्रस्तुत गर्नुहोस् ।

## पाठ ३ फोहोरमैलाले स्थानीय स्तरमा पारेको असरको पहिचान

### *साजनको गाउँको कथा*

*- वीर बहादुर थापा*



पहिले साजनको गाउँ स्वच्छ, सुन्दर र हराभरा थियो । तर अहिले उसको गाउँ अलि फोहोर, दुर्गन्धित र अव्यवस्थित छ । विभिन्न ठाउँमा जथाभावी थुप्रिएका र यत्रतत्र छरिएका फोहोरमैलाले गाउँलाई नै कुरूप बनाएको छ । खुल्ला ठाउँमा गरिने दिसापिसाब र अव्यवस्थित ढल निकासका कारण गाउँ नै दुर्गन्धित बनेको छ ।

दुर्गन्धित वातावरणका कारण गाउँमा झाडापखाला, हैजा, टाइफाइड, ज्वरो, आउँ, रुघाखोकी लगायतका विभिन्न रोगहरूको महामारी पनि फैलिने गरेको छ । महामारीकै कारण धेरै मानिसहरुले अकालमै ज्यान गुमाउनु परेको छ । महामारी र सर्ने रोग लाग्ने डरले वरपर गाउँका मानिसहरु साजनको गाउँमा जान पनि डराउँछन् । गाउँ फोहोर र दुर्घन्धित हुनाले साजनको गाउँका मानिसहरूलाई अरु गाउँका मानिसहरुले घृणा समेत गर्दछन् । पोहोर साल साजनको काकाको छोराको विहे पल्लो गाउँकी युवतीसँग हुने कुरा चलेको थियो । तर त्यस्तो फोहोर र दुर्घन्धित गाउँका मानिसहरुसँग पनि के नाता गाँस्नु भनेर पछि विहे नै रोकिएको थियो । यति हुँदा पनि साजनको गाउँ अझै उस्तै छ । साजनको गाउँ कहिले स्वच्छ र सफा होला ? दिक्क लाग्छ ।

## अभ्यास

### १. ठिक भए ठिक (√) र बेठिक भए (×) चिह्न लगाउनुहोस् :

(क) पहिले साजनको गाउँ स्वच्छ, सफा र सुन्दर थियो ।

(ख) अहिले पनि साजनको गाउँ स्वच्छ र सफा छ ।

(ग) फोहोरमैला जथाभावी फ्याक्नुपर्छ ।

(घ) गाउँ सफा र स्वच्छ भए अरु मानिसहरू पनि गाउँप्रति आकर्षित हुन्छन् ।

### २. तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।

(क) अहिले साजनको गाउँ कस्तो छ ?

(ख) साजनको गाउँमा छिमेकी गाउँका मानिसहरू जान किन डराउँछन ?

(ग) साजनको गाउँ फोहोर र दुर्गन्धित हुनुका कारणहरु लेख्नुहोस् ।

(घ) फोहोरमैलाले गर्दा साजनको गाउँमा परेका कुनै तीन असरहरू लेख्नुहोस् ।

# पाठ ४ फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन



हाम्रो वरपर विभिन्न प्रकारका वस्तुहरू छरिएर रहेका हुन्छन् । ती वस्तुहरूमध्ये कतिपय वस्तुहरू प्रयोग गर्न सकिने र कतिपय वस्तुहरु प्रयोग गर्न नसकिने हुन्छन् । हामीले बजारबाट सामान किनेर ल्याउँदा कागजमा वा कार्टूनमा पोको पारिएको, प्लास्टिकको झोलामा राखिएको, प्लास्टिकमा प्याक गरिएको, बट्टा या बोतलमा प्याक गरिएको अवस्थामा हुन्छन् । औषधिहरु सिसीमा राखिएका हुन्छन् । यसरी बजारबाट किनेर ल्याएका सामानहरू हामीले प्रयोग गर्छौं तर ती सामानसँगै आएका कागज कार्टुन, प्लास्टिक, बोतल, सिसी लगायतका वस्तुहरू प्रयोग गर्दैनौं । फलफूलहरु किनेर खान्छौं तर बोक्रा प्रयोग गर्दैनौं । यसरी प्रयोगमा नआउने कुहिएर, सडेर वा अन्य कारणबाट मानिसको स्वास्थ्य र वातावरणमा प्रतिकूल असर पार्ने वस्तुलाई फोहोरमैला भनिन्छ ।

हाम्रो वरपर फोहोरमैला ठोस, तरल र ग्यास अवस्थामा रहेका हुन्छन् । मानिस तथा जनावरका क्रियाकलापबाट उत्पन्न हुने ठोस फोहोरमैलाहरु सामान्यतया फ्याँकिएका अवस्थामा हुन्छन् । भान्साबाट निस्केका तरकारीका बोक्रा, बढी भएका खानेकुराहरू, फ्लास्टिक, सिसी, काँच वा फलामका टुक्राहरू आदि ठोस फोहोरमैला हुन् । त्यसैगरी घर आँगन सफा गर्दा निस्कने धुलो, कसिङ्गर, गाई भैंसीका गोबर आदि पनि ठोस फोहोरमैलाका उदाहरण हुन् । त्यसैगरी कपडा धुँदा, भाँडा माझ्दा र सामानहरू पानीले सफा गर्दा उत्पन्न हुने फोहोरहरु तरल अवस्थाका फोहोर हुन् । तरल अवस्थामा रहेका फोहोरलाई सोकपिट बनाई जथाभावी बग्न नदिई व्यवस्थापन गर्नुका साथै उपयुक्त ढल निकासको पनि व्यवस्था मिलाउनु पर्दछ । ग्याँस अवस्थाको फोहोर भन्नाले वायुमण्डलमा धुवाँ, धुलोका कण र विभिन्न हानिकारक ग्याँसहरूको मिश्रण हुनु हो । यस किसिमको वायु प्रदुषणलाई कम गर्न पुराना र धेरै धुँवा फाल्ने सवारी साधन चलाउन रोक लगाउनु पर्दछ । साथै जथाभावी फोहोर जलाउने र डढेलो लगाउने काम गर्नुहुँदैन । उद्योग र अस्पतालबाट निस्कने फोहोर विषालु हुन्छन् । यिनीहरुलाई सिधै जमिन र खोलामा फ्याँक्नु हुँदैन । त्यसैले त्यस्ता फोहोरलाई प्रशोधन गरेर मात्र व्यवस्थापन गर्नुपर्दछ ।

ठोस फोहोरमैलालाई कुहिने र नकुहिने गरी २ भागमा बाँड्न सकिन्छ ।

**(क) कुहिने फोहोरमैला:** सड्ने फोहोरमैलाहरू यस अन्तर्गत पर्दछन् । कुहिएर जाने फोहोरमैलालाई जैविक फोहोर पनि भनिन्छ । तरकारी र फलफूलका बोक्रा, बढी भएका खाना, पात पतिङ्गर, गाई भैसीको

गोबर आदि जैविक फोहोरका उदाहरण हुन् । यस्ता जैविक या कुहिने फोहोरहरुलाई खाल्डो खनी खाल्डोमा जम्मा पारेर पुर्नुपर्दछ । पुरेको चारदेखि छ महिनामा जैविक वा प्राङ्गारिक मल बन्दछ ।

**(ख) नकुहिने फोहोर :** लामो समयसम्म गाड्दा पनि नकुहिने वा नसड्ने फोहोरमैलालाई नकुहिने फोहोर भनिन्छ । यसलाई अजैविक फोहोर पनि भनिन्छ। यस्ता फोहोरहरुमा प्लास्टिकजन्य वस्तु, फलाम, तामा लगायतका धातुका टुक्रा, सिसी तथा काँचका टुक्राहरु आदि पर्दछन् । यस्तो नकुहिने फोहोरहरुलाई छुट्टै जम्मा पारी अलग किसिमले व्यवस्थापन गर्नु पर्दछ । यस्ता फोहोरलाई कम प्रयोग, पुनः प्रयोग, पुनः चक्रण विधिबाट व्यवस्थापन गर्न सकिन्छ ।

**क्रियाकलाप**

१. तपाईँको विद्यालयमा कुहिने र नकुहिने फोहोरको व्यवस्थापन कसरी गरिएको छ ? लेख्नुहोस् ।

२. तपाईँ आफ्नो कक्षाकोठा सफा राख्न के के गर्नुहुन्छ ? सूची बनाउनुहोस्

**अभ्यास**

**१. खाली ठाउँ भर्नुहोस्:**

(क) फलफूलको बोक्रा ...................फोहोर हो ।

(ख) कुहिने फोहोरलाई ................... खनेर पुर्नुपर्छ ।

(ग) फोहोरमैलाले हाम्रो स्वास्थ्य र ................... मा असर पार्छ ।

(घ) नकुहिने फोहोरलाई ................... र पुनः चक्रण विधिबाट व्यवस्थापन गर्न सकिन्छ ।

(ङ) उद्योग र अस्पतालबाट निस्कने फोहोर ................... हुन्छन् ।

**२. छोटो उत्तर दिनुहोस्:**

(क) फोहोर केलाई भनिन्छ ?

(ख) कुहिने फोहोर भनेको के हो ? उदाहरण दिनुहोस् ।

(ग) कस्तो फोहोरलाई अजैविक फोहोर भनिन्छ ?

(घ) कुहिने फोहोरको व्यवस्थापन गर्ने उपयुक्त उपाय के हो ?

(ङ) नकुहिने फोहोरलाई कसरी व्यवस्थापन गर्न सकिन्छ ?

(च) उद्योग र अस्पतालबाट निस्कने फोहोर कसरी व्यवस्थापन गर्न सकिन्छ ?

## पाठ ५ गुलरिया नगरपालिकामा भएका जलस्रोतको परिचय र प्रयोग

**तल दिइएका चित्रहरु अवलोकन गर्नुहोस् र तिनका बारेमा कक्षामा साथीहरुसँग छलफल गर्नुहोस् ।**

पानी एक अत्यन्त उपयोगी प्राकृतिक जल सम्पदा हो । पानी मानिस लगायत हरेक प्राणीका लागि अति







आवश्यक प्राकृतिक स्रोत हो । महासागर, समुद्र, नदी, ताल, पोखरी, मूल, इनार, ट्युवेल आदि पानीका स्रोतहरू हुन् । यसका साथै वर्षा र कृत्रिम वर्षा पनि पानीका स्रोत अन्तर्गत पर्दछन् । आज हामी गुलरिया नगरपालिकाभित्र रहेका पानीका स्रोतहरूको बारेमा छलफल गर्दैछौं । गुलरिया नगरपालिका हुँदै बग्ने एक नदी सरयू हो । जसलाई दाङ, सुर्खेत र बर्दियाकै उत्तरी भागमा बबई नदीका नामले सम्बोधन गरिन्छ भने स्थानीय भाषामा 'भादा' पनि भन्ने गरिएको छ । यो नदी महाभारत पर्वतबाट उत्पत्ति भएर दाङ, सल्यान र बर्दिया हुदै भारततर्फ बगेको छ । यस नदीको पानी बर्दिया जिल्लाका विभिन्न पालिकाहरूमा सिंचाइका लागि प्रयोग भएको छ । गुलरिया नगरपालिकाभित्र भने यस नदीको पानी सिंचाईंका लागि अलि कम प्रयोगमा आएको पाइन्छ ।

गुलरिया नगरपालिकामा पानीको मुख्य स्रोतका रूपमा भूमिगत पानी नै रहेको देखिन्छ । जमिनभित्र संचित भएर रहेको पानी भूमिगत पानी हो । भूमिगत पानीलाई इनार बोरिङ आदिका माध्यमबाट बाहिर निकाली पिउन, सिंचाइ र अन्य काममा प्रयोग गरिन्छ । गुलरिया खानेपानी तथा सरसफाइ संस्थाले गुलरिया नगरपालिकाभित्र विभिन्न स्थानमा खानेपानी ट्याङ्की निर्माण गरी विभिन्न वडाका उपभोक्ताहरूलाई स्वच्छ पिउने पानी वितरण गरिरहेको छ । यसका अतिरिक्त यहाँका अधिकांश मानिसहरुले ट्युवेलको पानी प्रयोग गरिरहेको पाइन्छ । सिंचाइका लागि भने डिप बोरिङका माध्यम बाट भूमिगत पानी निकाली उपयोग गरेको पाइन्छ ।

## पानीको स्रोतको उचित प्रयोग




पानीको प्रयोग पिउन, खाना बनाउन, भाँडा माइन, तरकारी सफा गर्न, नुहाउन, कपडा धुन, गाईवस्तुलाई खुवाउन, सिंचाई गर्न आदि विभिन्न कामका लागि गरिन्छ। त्यसैले पानी एक बहुउपयोगी प्राकृतिक सम्पदा हो। पानीका स्रोतहरु प्रशस्त भए पनि दिन प्रतिदिन स्वच्छ पिउने पानीको अभाव हुँदै गइरहेको छ। तसर्थ हामीले पानीको प्रयोग जथाभावी ढङ्गले गर्नु हुँदैन। धाराको पानी अनावश्यक रूपमा बग्न दिन्नु हुँदैन। पानीको प्रयोग गरेपछि धारा बन्द गरी आवश्यक परेको बेलामा मात्र खोल्नु पर्दछ। पानीलाई जथाभावी बग्न नदिई सिंचाइका निम्ति प्रयोग गर्नुपर्दछ।

### क्रियाकलाप

१. पानीका स्रोतहरुको चित्र बनाई नाम लेख्नुहोस्।
२. पानीको प्रयोग के–के कामका लागि गरिन्छ ? साथीहरूसँग छलफल गर्नुहोस्।

### अभ्यास

**१. तलका भनाइहरु ठिक भए (√) र बेठिक भए (×)चिह्न लगाउनुहोस् :**

(क) पानी एक प्राकृतिक जलसम्पदा हो।

(ख) पानी पिउनका लागि मात्र प्रयोग गरिन्छ।

(ग) बबई नदी गुलरिया नगरपालिका हुँदे बगेको छ।

(घ) जमिनभित्र सञ्चित रहेको पानी भूमिगत पानी हो।

(ङ) पानी भरेपछि धारा खुल्ला छोड्नु हुँदैन।

**२. तलका प्रश्नहरुको छोटो उत्तर दिनुहोस:**

(क) पानीका कुनै ३ ओटा स्रोतहरूको नाम लेख्नुहोस्।

(ख) गुलरिया नगरपालिकामा प्रयोग हुने पानीका स्रोतहरू के के हुन् ?

(ग) पानीको प्रयोग के–के कामका लागि गरिन्छ ?

(घ) पानीको प्रयोग जथाभावी गर्नाले के हुन्छ ?

## परियोजना कार्य

कक्षामा साथीहरुको १०/१० जनाको समूह बनाइ प्रत्येक समूहको आफ्नो घरमा पिउनको लागि कुन-कुन स्रोतको पानी प्रयोग गरिन्छ भनी सोधेर प्रयोग स्रोत अनुसारको सङ्ख्या तालिकामा भर्नुहोस् ।

**समूह नं. १**

| क्र सं | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | इनारको पानी | | |
| २ | ट्युवेलको पानी | | |
| ३ | ट्याङ्कीको पानी | | |
| ४ | नदीको पानी | | |
| ५ | जारको पानी | | |
| ६ | मूलको पानी | | |
| ७ | अन्य | | |

# एकाइ : ५
# विपद् सावधानी र सुरक्षा व्यवस्थापन

**सिकाइ उपलब्धि:**

१. विपदबाट हुने असरहरु भन्न र
२. सडक पार गर्दा ध्यान दिनुपर्ने कुराहरु भन्न ।

# पाठ १ विपद् ( बाढी र आगलागी )






नमस्कार ! म रमेश थारु म कक्षा ४ मा

पढ्छु । मेरो घर गुलरिया नगरपालिकाको वडा नं. २ पण्डितपुरमा पर्दछ । साथीहरु आज म हजुरहरुलाई विपद् सम्बन्धी मैले कक्षामा सिकेका केही कुरा भन्दैछु । चैत्र, वैशाख, जेठ महिनामा हाम्रो गाउँघरमा हुरी बतास आउने गर्दछ र आगलागी पनि हुने गर्दछ । त्यसैगरी वर्षायाममा असार, साउन र भदौ महिनामा बाढी आउने गर्दछ । कहिलेकाहीँ विभिन्न रोगको महामारी फैलने गर्दछन् । यस्ता कारणबाट विपद् सृजना हुने गर्दछ । साथीहरू! विपद भनेको भनेको कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पर्ने, प्राकृतिक सङ्कट सम्झनुपर्दछ ।

प्राकृतिक र गैर प्राकृतिक गरी विपद् २ प्रकारका छन् । यस्तो समयमा हामीले आफ्नो र अरुको ज्यान साथै हाम्रा महत्वपूर्ण कागजात र चिजवस्तुलाई सकेसम्म जोगाउनु पर्दछ । त्यसका लागी हामीले बाढी पहिरो, आगलागीको समयमा तत्काल गर्नुपर्ने कुराहरु म हजुरहरुलाई बताउँदै छु । सुन्नुस है त !

१) तुरुन्त सुरक्षित स्थानमा जाने ।
२) विपदको कुनै सङ्का लागेमा सुरक्षित भई आवश्यक सरसामान आफुसँगै राख्ने ।
३) आगोलागी भएमा आगो निभाउने पानी/दमकल लाई छिटो ल्याउने प्रयास गर्ने ।
४) बालबालिका तथा ज्येष्ठ, अशक्त नागरिकहरु र पशु चौपायालाई सुरक्षित स्थानमा सार्ने ।
५) प्रहरी वा सम्बन्धित निकायलाई तुरुन्त जानकारी गराउने ।
अरु बाँकी कुराको जानकारी भोलीको कक्षामा सिकेपछि फेरि यसैगरी चउरमा छलफल गरौँला ल ! धन्यवाद ।

**क्रियाकलाप १**

तपाईँको गाउँघरमा वर्षायाममा बाढी आउँदा कसरी सुरक्षित रहनुहुन्छ ? आफ्नो विचार लेख्नुहोस् ।

**अभ्यासः**

**१. तलका शब्दहरुबीच जोडा मिलाउनुहोस् ।**

| | |
|---|---|
| बाढी | माटो बग्ने |
| आगलागी | रुख ढल्ने |
| हुरीबतास | सलाई |
| पहिरो | धेरै वर्षा |

**२) तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

क) विपद् भनेको के हो ?

ख) विपद्को अवस्थामा के कस्ता कार्य गर्नुपर्छ ?

ग) विपद् कति प्रकारका हुन्छन् ? लेख्नुहोस् ।

घ) बाढी र आगलागी हुदा तत्काल गर्नुपर्ने कुराहरू लेख्नुहोस् ।

## पाठ २ विपद्‌बाट बचौं

- लक्ष्मी खनाल 'अभी'



चैत वैशाख जेठमा
हुरीवतास आउँछ ।
गाउँघरमा यो बेला
आगो पनि लाउँछ ॥

भूकम्पले धनजनको
धेरै क्षति गर्छ ।
वर्षायाम साउन, भदौ
बाढि आउने डर छ ॥

यस्ता विपद् आएपछी
सबैभन्दा पहिले ।
ज्यान जोगाउने कुरालाई
ठूलो मान्छु मैले ॥

केटाकेटी, बुढाबुढी
सुरक्षित ठाऊँ सारौँ ।
प्रहरी र प्रशासनमा
खबर छिटो गरौँ ॥

साइरन बज्ने गर्छ साथी
बढी आउनु पहिले ।
नदी छेउ घर भए
सोच्दै गरौँ अहिले ॥

लुगा, लाइट, कागजपत्र
पैसा अरु सामान ।
सुरक्षित राख्नलाई
कत्ति अल्छि नमान ॥

जहिलेपनि जहाँ पनि
आउन सक्छ विपद् ।
महामारी, दुर्घटना
आगलागी आपत ॥

स्थानीय सरकारले गर्नुपर्छ
यसमा काम ।
हिंड सबै साथी मिली
कुरा राख्न जाम ॥

विपद्लाई सानो कुरा
नसम्झ है कसैले ।
आजैदेखि रोकथाममा
लाग्नुपर्छ सबैले ॥

गाउँवस्ती उजाडिन्छ
धेरै क्षति हुन्छ ।
आपत् आए भोग्नै पर्छ
न कसैले सुन्छ ॥

**अभ्यासः**

**१. ठिक बेठिक छुट्टयाई ठिक वाक्यमा (√) र बेठिक वाक्यमा (×) चिह्न लगाउनुहोस् ।**

क) वर्षायाममा पहिरो जाने डर हुन्छ । (  )

ख) भूकम्पले धनजनको क्षति गर्दैन । (  )

ग) विपदमा सबै भन्दा पहिले आफू सुरक्षित हुने उपाय सोच्नुपर्छ । (  )

घ) विपद् खबर गरेर आउँदछ । (  )

**२. तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।**

(क) हुरीबतास आउने महिनामा हामी कसरी सुरक्षित रहनुपर्छ ? लेख्नुहोस् ।

ख) साइरन कस्तो बेला बज्छ ?

ग) विपदमा के गर्न अल्छी गर्नुहुन्न ?

घ) विपदको समयमा सबैभन्दा पहिले के गर्नुपर्छ ?

**परियोजना कार्य**

बाढी आउनबाट गुलरिया नगरपालिकालाई बचाउन के के गर्नुपर्छ ? पाँच बुँदामा तपाईँका टोलमा रहेका पाका मानिसलाई सोधी लेखेर कक्षामा सुनाउनुहोस् ।

## पाठ ३ सड़क दुर्घटनाको अन्त्यका लागी ट्राफिक नियमको पालना




आजभोलि हाम्रा गाऊँ, शहरमा सडक दुर्घटनाहरू धेरै भइरहेको पाइन्छ। सडक दुर्घटनाको प्रमुख कारण ट्राफिक नियमको पालना सहि तरिकाले नहुनु नै हो। कुनै ठाँउबाट अर्को निश्चित ठाँऊसम्म पुग्ने चलायमान चिजलाई ट्राफिक भनिन्छ। यसभित्र पैदलयात्रु सवारी चालक वा सवारी साधन पर्दछन्। सवारी साधन सड़क दुर्घटनाबाट बँच्न बनाइएको नियम ट्राफिक नियम हो। हामीले सडक पार गर्दा संधै ट्राफिक नियमको पालना गर्नुपर्दछ। ट्राफिक सङ्केतलाई हेरेर बाटो काट्नुपर्दछ।

सड़क दुर्घटनाका प्रमुख कारणहरु यस्ता पाइन्छन्:

- सवारी चालकले तीव्र गतीमा सवारी हाँक्नु।
- ट्राफिक सङ्केतलाई वेवास्ता गर्नु।
- जथाभावी सवारी साधन रोक्नु र क्षमताभन्दा बढी यात्रु बोक्नु।
- सडक पार गर्दा पैदल यात्रुले फुटपाथको प्रयोग नगर्नु।

सडक दुर्घटना हुनबाट रोक्न सडकपार गर्दा ध्यान दिनु पर्दछ। सडक पार गर्दा ध्यान दिनुपर्ने कुराहरु :

- सडक पार गर्दा सबैभन्दा पहिले सडकमा राखिएका ट्राफिक चिह्नको सही र पूर्ण रुपमा पालना गर्ने।
- हरियो, रातो र पहेँलो बत्तीमा ध्यान दिने।
- पैदल यात्रीले ओभरहेड ब्रिज भएमा त्यसको अनिवार्य प्रयोग गर्ने।
- सधै फुटपाथबाट मात्र हिँड्ने, जथाभावी नहिँड्ने।
- सडकमा फुटपाथ रहेनछ भने सधै बाँया साइडबाट मात्र हिँड्ने गर्नुपर्छ।
- लेन अनुशासनको पूर्ण रुपमा पालना गर्ने।
- जेब्रा क्रसको प्रयोग गर्ने।
- सवारी चालकले मद्यपान गरेर सवारीसाधन नचलाउने।
- मोटरसाइकलमा यात्रा गर्दा चालक र यात्रु दुबैले अनिवार्य हेलमेट लगाउने।
- सवारी साधन निश्चित गतिमा हाँक्ने, भीडभाडमा गति सिमित गर्ने।
- सवारी साधनको क्षमता भन्दा बढी यात्रु नबोक्ने।
- सवारी साधन चलाउँदा अनिवार्य रुपमा सवारी साधनसँग सम्बन्धित बिल बुक तथा सवारी चालक अनुमतिपत्र साथमा राख्ने।

– ट्राफिक सङ्केतमा रातो बत्ती बले सवारी साधन रोक्ने, हरियो बत्ती बलेमा यात्रा गर्ने र पँहेलो बत्ती बलेमा हिँड्नका लागि तयारी गर्ने ।

यसरी दिनदिनै हुने सवारी दुर्घटनाबाट बच्न हामीले ट्राफिक नियमको अनुशासित भई पालना गर्न सक्यौँ भने सडक दुर्घटनालाई न्यूनीकरण गर्न सकिन्छ ।

**क्रियाकलाप १**

तपाईले देख्नुभएको कुनै सड़क दुर्घटनाको बारेमा लेखी कक्षामा प्रस्तुत गर्नुहोस् ।

**अभ्यासः**

**१. तलका ठिक वाक्यमा (√) र बेठिक वावयमा (×) चिह्न लगाउनुहोस् ।**

क) सड़क पार गर्दा जथाभावी हिड्नुपर्छ ।

ख) ट्राफिक नियमको पालना गर्नु राम्रो काम होइन ।

ग) मद्यपान गरी सवारी साधन हाँक्नु हुँदैन ।

घ) सबैले ट्राफिक सङ्केतको अनुशासित तरिकाले प्रयोग गर्नुपर्छ ।

**२. तलका खाली ठाउमा मिल्ने शब्द भर्नुहोस् ।**

क) सड़क दुर्घटनाबाट बच्न बनाइएको नियम नै...................................... हो ।

( खेल, सड़क, ट्राफिक नियम)

ख) आजभोलि ...................... दुर्घटना बढेका छन् । (पहाड़, गाँऊ, सड़क)

ग) सडक पार गर्दा सधैं ....................नियमको पालना गर्नुपर्छ । (विद्यालय, समुदाय, ट्राफिक)

**३. तलका प्रश्नको उत्तर लेख्नुहोस् ।**

क) ट्राफिक नियम भन्नाले के बुझिन्छ ? सड़क दुर्घटनाको प्रमुख कारण के हो ?

ख) सडक दुर्घटना हुनबाट बच्न के-के गर्नुपर्छ ? लेख्नुहोस् ।

ग) सडक पार गर्दा ध्यान दिनुपर्ने कुराहरु के-के हुन ? कुनै ५वटा बुँदामा लेख्नुहोस् ।

# एकाइ - छ
# हाम्रो सम्पदा

**सिकाइ उपलब्धि :**

१. आफ्नो वडामा अवस्थित सम्पदाहरुको सामान्य परिचय दिन ।



**कृष्णसार संरक्षण क्षेत्र**



**बबई नदीको किनार**



**सन्तोषी टोलको सामूदायिक वन** जंगल

## पाठ १ हाम्रो गुलरियाका प्राकृतिक सम्पदाहरु

आज शनिवारको दिन हो । हाम्रो विद्यालयका कक्षा ४ मा पढ्ने विद्यार्थीहरु गुलरिया नगरपालिकामा रहेको बबई नदीको किनारमा जहाँ सन्तोषी टोलको सामुदायिक वन रहेको छ । त्यहाँ वनभोज जाने तयारी गर्दैछौँ । हामीले वनभोज सँगै हाम्रो नगरपालिकाभित्र रहेका प्राकृतिक सम्पदाहरुको बारेमा अवलोकन गर्ने योजना बनाएका छौँ । त्यसैले अवलोकन गर्दा नबुझिने कुरामा सहयोग गरिदिनका लागि हाम्रो कक्षा शिक्षकलाई पनि सँगै वनभोजमा लाने भनेका छौँ । हामी सबैजना विद्यालयमा पुगेपछि कक्षा शिक्षकले हामीलाई प्राकृतिक सम्पदा सम्बन्धी एउटा महत्वपूर्ण भिडियो यु-ट्युबमा देखाउनुभयो । जसमा भनिएको थियोः

हाम्रो देशको वनजङ्गल मासिदै छ । वनजङ्गल मास्नाले बाढी, पहिरो आउँछ । घरखेत बगाउँछ । मलिलो माटो बगाएर उब्जनी घट्छ । जङ्गली जीवजन्तुहरु बस्ने ठाउँ हुदैन, पानी कम पर्छ, पानीका मुहान सुक्दै जान्छन् । घाँस, दाउरा, काठ आदिको दुःख हुन्छ । जडिबुटी मासिन्छन् । सास फेर्ने हावासमेत अशुद्ध हुन्छ र वातावरण प्रदूषण बढ्दै जान्छ । तपाईं वनजङ्गल जोगाउन यसरी मदत गर्न सक्नुहुन्छ जयाभावी रु -खबिरुवा र घाँस स्याउला नकाटेर वस्तुभाउ नछाडेर, खेतबारीको छेउछाउमा विरुवा रोपेर' डढेलोबाट जोगाएर वनको महत्व सबैलाई बुझाएर ।

तसर्थ आजैदेखि वनजङ्गल हाम्रो अमूल्य सम्पत्ति हो भन्ने कुरा नबिर्सौं ।

हामीहरुले त्यो भिडियो हेरेपछि एकआपसमा छलफल गर्यौं। वनजंगल जोगाउनाले बाढीपहिरो, रोकिन्छ । पानीको मुहान सुक्दैन। माटो संरक्षण हुन्छ । वन जोगाजनाले वन्यजन्तुको वासस्थान पनि सुरक्षित हुन्छ ।

वनजङ्गल जस्तै नदीनाला पनि हाम्रा प्राकृतिक सम्पदा हुन् । नदीनालाको पानी खान, सिँचाइ गर्न र अन्य कामका लागि उपयोग गरिन्छ । नदीलाई सफा र स्वच्छ बनाउन सधैं सचेत रहनुपर्छ । त्यसैले हामीले वनजंगल, वन्यजन्तु र नदीनालाको संरक्षण र सम्बर्द्धन गर्नुपर्छ ।

यसरी छलफल गरिसकेपछि हामीहरु वनभोज गर्यौं । बनभोजमा हामीले त्यहाँको वातावरणीय पक्षलाई ख्याल राख्दै आगो, पानी, दाउरा लगायतका स्रोतहरुको मितब्ययी तरिकाले प्रयोग गर्‍यौं । निदृष्ट स्थानमा फोहोरको व्यवस्थापन गर्‍यौं । हाम्रो बनभोज सकिए लगत्तै हामीले प्रयोग गरेको बनभोजस्थललाई पूर्ण सरसफाई गरेर पूर्ववत अवस्थामा पुर्‍याएर हामी रमाइलो गर्दै गीत गाउँदै नाच्दै हाम्रा कक्षाशिक्षक गुरुसँगै फर्की आ-आफ्नो घर गयौं ।

**क्रियाकलापः**

१. कथामा दिइएको यु-ट्युवबाट प्रसारित सूचना अध्ययन गरी वनजङ्गल मासिनाका कारणहरुको सूची बनाऊ।

२. तपाईँको वरपर अथवा नजिकको जङ्गलमा पाइने वोटविरुवा र पशुपन्छीका नामहरु तालिकामा लेख्नुहोस्।

| बोटबिरुवा | पशुपंछी |
|---|---|
| | |

३. वनजङ्गल जोगाउन के-के उपायहरु अपनाउनु पर्ला ? तल एउटा उपाय दिइएको छ, अरु उपायहरु थप गर्नुहोस्।

क) गाउँलेहरु आफैले वनको हेरविचार गरेर।

ख)

ग)

घ)

## पाठ २ हाम्रा ऐतिहासिक सम्पदाहरु

देशको परिचय दिने महत्वपूर्ण स्थान तथा वस्तुहरु सबैले संरक्षण गर्नुपर्ने सम्पत्तिभित्र पर्दछन् । यस्ता सबै वस्तुलाई हामी सम्पदा भनेर चिन्छौँ। त्यस्ता सम्पदाहरुमध्ये ऐतिहासिक महत्त्वका पनि छन्।













जस्तैः धार्मिक, सांस्कृतिक स्थलमा मन्दिर, चैत्य, मस्जिद, चर्च, चौतारो, धर्मशाला, पाटीपौवा, पोखरी, अध्ययन स्थल आदि पर्दछन् । हाम्रा पूर्खाले बनाएर छाडेका दरबार, मन्दिर, मस्जिद, घर, मुर्ति, शिलालेख, ताम्रापत्र, कागजपत्र पनि ऐतिहासिक सम्पदाहरु हुन् । त्यस्तै गुलरिया नगरपालिकामा कोटही मन्दिर, बगालामुखी, बागेश्वरी, शिव मन्दिर, ओम कारेश्वर मन्दिर, लक्ष्मीनारायण मन्दिर तोताद्रिमठ, मुक्तेश्वर महादेव मन्दिर, मस्जिदहरु, चर्चहरु यस नगरपालिकाका सम्पदाहरु हुन्। यसरी नै संरक्षण गर्नुपर्ने थुप्रै ऐतिहासिक ठाउँ र वस्तुहरु हाम्रो समुदायमा रहेका छन्।

**क्रियाकलापः**

१. आफ्नो गाउँ/सहरभित्र वा नजिक छिमेकी गाउँ सहरमा भएको मुख्यमुख्य ऐतिहासिक/धार्मिक सम्पदाको सूची बनाऊ।

२. तल दिइएको तालिकामा जस्तै आफ्नो समुदायमा भएका ऐतिहासिक/धार्मिक सम्पदाहरुको संरक्षणको उपायहरु लेख्नुहोस्।

| ऐतिहासिक सम्पदा | आफुले गर्ने | समूहमा गर्नुपर्ने |
|---|---|---|
| गुम्बा | सरसफाई | पर्खाल लगाउने |
| .............. | .............. | .............. |
| .............. | .............. | .............. |
| .............. | .............. | .............. |
| .............. | .............. | .............. |

३. आफू बसेको ठाउँ नजिकैको ऐतिहासिक स्थलमा जाऔँ त्यहाँ देखिएका कुराहरु टिपेर ल्याऔँ र कक्षामा सुनाऔँ।

**अभ्यासः**

१. प्राकृतिक सम्पदा भनेको के हो ?

२. पाठमा दिइएका चित्रहरु चिनेर नाम लेख्नुहोस्।

## पाठ ३ हाम्रो हाटबजार

(श्री ने.रा.मा.वि. को ४ कक्षाका विद्यार्थीहरुलाई पाठसँग सम्बन्धित विषयवस्तुको जानकारी प्रदान गर्न विषय शिक्षकले नजिकैको गुलरिया हाटबजारमा अवलोकन भ्रमणमा लैजाने तयारी गर्नुभयो।)









**शिक्षक:** (विद्यालयको मैदानमा विद्यार्थी भेला गरेर) हाम्रो भ्रमणको तयारी पूरा भइसकेको छ। यहाँहरुले आफ्नो समूह निर्माण गरिसक्नुभएको छ। झोलामा काापी कलमका साथै खाजा र पानी पनि बोक्नुभएको छ, है न त ?

**विद्यार्थी:** (सबैजना), हो गुरु।

**शिक्षक:** आज हामी कहा जादै छौँ, जानकारी छ नि सबैजनालाई हैन ?

**राम:** थाहा छ गुरु। हामी आज गुलरियामा मंगलबारका दिन लाग्ने हाट बजार अवलोकन भ्रमणमा जादै छौँ।

**शिक्षक:** ठिक भन्नुभयो। अब हामी सबैजना पङ्तीमा अगाडी बढौँ है त।

(हाटबजार नजिकै पुगेपछि)

**कमला**ः गुरुबा ! त्यहाँ मानिस किन कराइरहेका छन् ?

**मालती**ः आफ्नो समान बेच्नलाई कराइ रहेका होलान् नि, होइन त गुरु ?

**शिक्षक**ः हो, ठिक भन्यो मालती ।

**रमन**ः ओहो! सर, कति धेरै बदाम! उतातिर तरकारीहरुको पसल, अलि पर सुन्तला नै सुन्तला जहिले पनि यहाँ यस्तै हुन्छ ?

**शिक्षक**ः यसको बारेमा ऊ त्यहाँ बदाम राख्नुभएको पसलेलाई सोधौँ न ।

**अरविन**ः नमस्कार काकी! यहाँ दिनदीनै यस्तै भिडभाड हुन्छ, हो ?

पसले काकीः होइन नानीहरु, यहाँ प्रत्येक हप्ताको मंगलवार र शनिवार बजार लाग्छ । अरुदिन यहाँ भीडभाड हुँदैन । आज हाटबजार लागेको छ । त्यही भएर यहाँ भीडभाड भएको हो ।

**करिष्मा**ः धन्यवाद काकी । साथीहरु! हामीहरु गुरु हुनुभए तिर अगाडी बढौँ न ।

**शिक्षक**ः सोधेर थाहा पाउनुभयो त तपाईहरुले ?

**रेनुका**ः थाहा पायौँ गुरु । तर यो हाटबजार किन राखिन्छ, मलाई कसैले बताइदिनु न ?

**राम**ः म भन्छु है गुरु । हाम्रो गाउँमा उत्पादन भएको वस्तु बेचबिखन गर्न यो हाटबजार राखिएको हो । यहाँ स्थानीय कला र सीपका वस्तु पनि पाईन्छन्, हैन त गुरु ?

**शिक्षक**ः राम तपाईँले ठिक भन्नुभयो । हाटबजारबाट हामीले आवश्यक सामान किन्न  सक्छौँ । गाउँका मानिसको सीप विकास हुन्छ । यसले स्थानीय कलाको  विकासमा समेत सहयोग पुग्छ ।

**कमला**ः मेरो बुवाले यही बजारबाट आँप किनेर आचार बनाउनुहुन्छ । अनि त्यो  अचार हाटबजारमा लगेर बेच्नुहुन्छ ।

**शिक्षक**ः अत्यन्तै राम्रो कार्य, यस्तो हाटबजारले आम्दानी हुने अवसर पनि सिर्जना गर्छ ।

**विद्यार्थी**ः हवस् गुरु । आज हामीले रमाइलो गरी सिक्ने अवसर पायौँ। हजुरलाई धेरै धेरै धन्यवाद छ ।

**क्रियाकलापः**

१. स्थानीय हाटबजार वा मेला अवलोकन गर्नुहोस्। त्यहाँ बेच्न राखिएका बस्तु र तपाईँले दैनिक पसलबाट किन्ने सामानहरु उस्तै खालका छन त ? फरक वस्तुको नाम पहिचान गरी सूची तयार पार्नुहोस्।

२. तपाईँको नगरपालिकाभित्र कहाँ-कहाँ कुन-कुन बार हाटबजार लाग्छ, सूची तयार पार्नुहोस्।

**अभ्यासः**

१. हाट बजार भनेको के हो ?

२. हाट बजारबाट के-के फाइदा मिल्छ ? लेख्नुहोस्।

३. हाट बजारमा पाईने तरकारीहरुको नाम लेख्नुहोस्।

# पाठ ४  कृष्णसार संरक्षण क्षेत्रको परिचय






**कृष्णसार संरक्षण क्षेत्र**

स्थापनाः वि सं २०६५   (सन् २००९)

क्षेत्रफलः १६.९५ वर्ग कि.मि.




बर्दिया जिल्लाको खैरापुर क्षेत्रमा प्राकृतिक अवस्थामा रहेको दुर्लभ वन्यजन्तु कृष्णसारको संरक्षणका लागि गुलरिया नगरपालिका अन्तर्गतको १६.९५ वर्ग कि.मि. क्षेत्रलाई नेपाल सरकारले २०६५ फागुन २३ गते कृष्णसार संरक्षण क्षेत्रको रूपमा घोषणा गरेको छ। कुल क्षेत्रफल मध्ये कृष्णसारको वासस्थान क्षेत्र ५.२७ वर्ग कि.मि. र वरिपरिको प्रभावित क्षेत्र ११.६८ वर्ग कि.मि. रहेको छ।

२०३१ सालमा बर्दिया वन्यजन्तु आरक्ष स्थापना भएको बेला बाँके, बर्दिया जिल्ला लगायत समग्र नेपालबाटै कृष्णसार लोप भइसकेको आशङ्का गरिएको थियो। बर्दिया वन्यजन्तु आरक्ष (हाल बर्दिया राष्ट्रिय निकुञ्ज) खडा भइसकेपछि २०३२ आश्विनमा बाँके बर्दियामा कृष्णसार बाँकी छन् कि भन्ने बारे खोजी गरियो। त्यसबेला बर्दिया जिल्लाको खैरी पण्डितपुरको जङ्गल किनार आवादी क्षेत्रमा एउटा सिङ भाँचिएको एक बूढो भाले, एउटा वयस्क भाले, तीन वटा पोथी र चार बच्चाहरू समेत जम्मा ९ वटा कृष्णसार

फेला परेका थिए। यसरी फेला परेका कृष्णसारको पूर्ण संरक्षणको लागि तत्कालै वन विभागको केही सशस्त्र सुरक्षा गार्ड खटाई कृष्णसार संरक्षण चौकी खडा गरिएको थियो। सोही प्रयासको फलस्वरूप कृष्णसारको संख्यामा वृद्धि भई हाल तिनको संख्या २९३ पुगेको छ। यसै सन्दर्भमा कृष्णसारको संरक्षण गर्न अति आवश्यक देखिएकाले कृष्णसार संरक्षण क्षेत्रको स्थापना भएको हो।

कृष्णसार खुला घाँसे मैदान अर्थात् दुबो र काँसको मैदानमा बस्न रुचाउँछ। त्यसैले आवादी छेउमा घरपालुवा जनावर गाई, भैंसी, भेडा बाख्राहरू सँगसँगै चर्ने र बस्ने गर्दछ। यिनीहरूको निरन्तर अवलोकन गरी सङ्ख्या अद्यावधिक गर्ने गरिएको छ। कृष्णसार संरक्षण क्षेत्रलाई व्यवस्थित गर्ने सिलसिलामा आवश्यक भौतिक निर्माण तथा वासस्थान व्यवस्थापनका कार्यहरू भैरहेका छन्। संरक्षण क्षेत्र व्यवस्थापन योजना बनाई भविष्यमा यसको संरक्षण र व्यवस्थापनको जिम्मेवारी स्थानीय समुदायलाई हस्तान्तरण गर्ने योजना रहेको छ।

**क्रियाकलाप:**

१. तपाईंको नगरपालिकाभित्र रहेको कृष्णसार संरक्षण क्षेत्रको अवलोकन भ्रमण गरी यसको पर्यटकीय महत्वहरुको छलफल गरी सुची तयार पार्नुहोस्।

**अभ्यास:**

**१. ठीक भए (√) र बेठिक भए (×) चिन्ह लगाऊनुहोस्।**

क) कृष्णसार संरक्षण क्षेत्रको क्षेत्रफल २० वर्ग कि.मी. छ।

ख) कृष्णसार संरक्षण क्षेत्रमा जम्मा २९३ वटा कृष्णसार छन्।

ग) कृष्णसार संरक्षण क्षेत्र खैरापुरमा पर्छ।

घ) कृष्णसार संरक्षण क्षेत्रको घोषणा नेपाल सरकारले वि.स. २०५० सालमा गर्यो।

# गुलरिया-गान


*रचना: शिक्षक प्रभात सुवेदी*

गाउँछौं गाथा गुलरियाको ।
हाम्रो आफ्नै फुलरियाको ॥

पूर्वै पर्‍यो बढैयाताल, पश्चिम मधुवन हजुर ।
उत्तर पर्‍यो बारबर्दिया, दक्षिण आफ्नै सूरजपुर ॥
सरयू नदी, बेल र कुश, कृष्णसार, खैरापुर ।
तपोभूमि, स्वर्गैतुल्य, उर्वर हाम्रो भूमि हजुर ॥

अनेक धर्म, भाषाभाषी, आफ्नै मौलिक संस्कृति ।
बचाउनु छ परम्परा, हटाउँदै विकृति ॥
रम्दै गर्छौं खेतीपाती, उन्नत बिउ लगाउँदै ।
पशुपालन, बगर खेती, प्रविधिमा रमाउँदै ॥

स्वच्छ नगर हरियाली सौन्दर्यको खानी यो ।
सफा सुग्घर, मिठो वचन यही राम्रो बानी हो ॥
मठमन्दिर, गुम्बा, मस्जिद, चर्च हाम्रा धरोहर ।
अलौकिक शक्तिप्रति, विश्वास हाम्रो बरोबर ॥




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५,००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection Systen: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

# गुलरिया नगरपालिकाको कार्यालय
# शिक्षा, युवा तथा खेलकुद शाखा
# गुलरिया, बर्दिया